# नेपाल मध्यस्थता समूह
# प्राकृतिक साधनको
# विवाद समाधान गोष्ठी




सम्पादक
अनुपम भाटिया



आयोजक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

सहभागितामूलक प्राकृतिक साधन व्यवस्थापन कार्यक्रम

अप्रिल २४-२५, १९९७

काठमाण्डौ, नेपाल

# नेपाल मध्यस्थता समूह

# प्राकृतिक साधनको विवाद समाधान गोष्ठी


सम्पादक

**अनुपम भाटिया**



आयोजक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रम

अप्रिल २४-२५, १९९५

काठमाण्डौं, नेपाल

© सर्वाधिकार

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

प्रकाशक

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६
काठमाण्डौ, नेपाल

इसिमोडको प्रकाशन इकाईमा टाईप डिजाइन गरेको

The views and interpretations in this paper are those of the author(s). They are not attributable to the International Centre for Integrated Mountain Development (ICIMOD) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

# प्रस्तावना

यस प्रतिवेदनमा नेपाल मध्यस्थता समूहले आयोजना गरेको प्राकृतिक साधनको विवाद समाधान विषयको गोष्ठीको विवरण प्रस्तुत गरिएको छ । गोष्ठी नेपाल प्रशासनिक कर्मचारी प्रतिष्ठान काठमाडौं नेपालमा २४ र २५ अप्रिल १९९५ मा संचालन गरिएको थियो । गोष्ठीमा प्रस्तुत गरिएका नेपालमा विवाद समाधान सम्वन्धी पाँच वटा मामिला अध्ययनहरु (केस स्टडी) नै छलफलका मुख्य विषय-बस्तु थिए । गोष्ठीमा वन तथा भू-संरक्षण मन्त्रालय र कानून तथा न्याय मन्त्रालयका वरिष्ठ नीति-निर्माताहरु, गैर-सरकारी संगठनहरु, द्विपक्षीय आयोजनाहरु, अनुसन्धान संस्थाहरु कानूनविद्हरु तथा वन उपभोक्ता समूहका सदस्यहरुको सहभागिता रहेको थियो । गोष्ठीको मुख्य विशेषता स-साना समूहगत र आपसी अन्तरक्रियात्मक छलफल थियो ।

प्रस्तुत गरिएका मामिला अध्ययन (केस स्टडी) यस प्रकार थिए:

१) नेपालमा सामुदायिक वन प्रणाली विवादहरु प्रति एक दृष्टि, प्रस्तुतकर्ता: के.वी.श्रेष्ठ, प्रमुख, सामुदायिक तथा निजी वन महाशाखा, वन विभाग, श्री ५ को सरकार ।
२) बुच्छुङ्ग वन विवाद समाधानको मामिला अध्ययन, प्रस्तुतकर्ता: नेत्र तुम्बाहाङ्फे तथा द्रोण के.सी., नेपाल-बेलायत सामुदायिक वन आयोजना ।
३) जलबिरे महिला सामुदायिक वन उपभोक्ता समूह, प्रस्तुतकर्ता: सपना प्रधान मल्ल, अधिवक्ता, सर्बोच्च अदालत ।
४) बोक्से-महादेवस्थान वनको विवाद समाधान, प्रस्तुतकर्ता: शारदा खरेल, नेपाल-अष्ट्रेलिया सामुदायिक वन आयोजना र शिवेश चन्द्र रेग्मी, न्यू एरा ।
५) नेपाल सामुदायिक मध्यस्थता अध्ययन, प्रस्तुतकर्ता: पल कप्लान, एशिया फाउण्डेशन ।

## कृतज्ञता

यो गोष्ठी विभिन्न महानुभावहरु विशेष गरी नेपाल मध्यस्थता समूहका सदस्यहरुको संकल्प एवं योगदान नभएको भए सम्भव हुने थिएन । काभ्रे र गोरखा जिल्लाका सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको योगदान पनि उत्तिकै महत्वपूर्ण रहेको छ । यी समूहका विवादहरु गोष्ठीका दुई मामिला अध्ययनका विषयबस्तु थिए। यी सदस्यहरुले आ-आफ्ना जिल्लाबाट काठमाडौंसम्म आई गोष्ठीमा भाग लिएर विवाद समाधानका लागि चेतना बढाउन महत्वपूर्ण योगदान दिएका छन् ।

गोष्ठीका सहभागीहरुको नामावली अनुसूचि-१ मा उल्लेख गरिएको छ । अनुसूचि-२ मा नेपाल मध्यस्थता समूहका सदस्यहरुको नाम र ठेगाना उल्लेख गरिएको छ ।

# अनुसूचि

परिचय
कृतज्ञता
पृष्ठभूमि १
*इसिमोडको सहभागितामूलक प्राकृतिक साधन व्यवस्थापन कार्यक्रम* १
*नेपाल अध्यस्थता समूहको गठन* २
*विवाद समाधान तालिम कार्यक्रम* ३

विवाद समाधान विषयक गोष्ठी ४
*गोष्ठीका लागि तयारी बैठक* ४

गोष्ठीको कार्य विवरण ५
*इसिमोडका नायव महानिर्देशक डा.महेश बाँसकोटाको स्वागत भाषण* ५
*गोष्ठीको पृष्ठभूमि* ६

मूल सम्बोधन: विवादहरु र तिनका समाधानहरु ७
*प्राकृतिक साधन* ७
*विवादको भूमिका* ८
*प्राकृतिक साधन व्यवस्थापन विवादहरुमा उपभोक्ता समूहको भूमिका* १२
*निष्कर्ष* १२

मूल सत्र पछिका कार्यसमूहहरु १२
*पहिलो समूह: जलविरे महिला सामुदायिक वन उपभोक्ता समूहका सहभागीहरु:* १३
*दोश्रो समूह: बुच्छुङ्ग वन समूहका सहभागीहरु:* १७
*तेश्रो समूह: बोक्से-महादेवस्थान वन समूहका सहभागीहरु:* २१

गोष्ठीको मूल सत्र २५
*नेपाल सामुदायिक मध्यस्थता अध्ययन* २५
*नेपालमा सामुदायिक वन व्यवस्था: विवादहरु बारे एक दृष्टि* २९

वन उपभोक्ता समूह भित्रको विवाद: २९

उपभोक्ता समूह बीचको विवाद: २९
*गोष्ठीको मूल सत्रमा छलफल* ३१

गोष्ठीको अन्तिम सत्र ३४
*सहभागीहरुबाट प्रतिक्रिया* ३४
*नेपाल मध्यस्थता समूहको भावी योजनाहरु* ३४
*समापन मन्तव्य* ३५

अनुसुचि १: सहभागीहरुको सूचि ३८

अनुसूचि २: नेपाल मध्यस्थता समूह सदस्यहरु ४१

## पृष्ठभूमि

### *इसिमोडको सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रम*

पर्वतीय भेकमा बढ्दो गरिबीको एउटा कारण आधारभूत आवश्यकता परिपूर्तिका लागि समेत दाउरा, घाँसपात र खाद्यान्न जस्ता उपजहरुको प्राप्ती घट्दै जानु हो भन्ने तथ्यलाई मनन् गरी इसिमोडले सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रमको थालनी गरेको हो । यस्तो स्थितिको सिर्जना हुनको कारण सामुदायिक साधनहरुको साझा सम्पतिका रुपमा मानिने क्षेत्र र उत्पादकत्व घट्दै जानु हो । यस बाहेक यी साधनहरुको संरक्षण, विकास र उपयोगका लागि अपनाइने गरेको सरकारी काम कारवाईमा बढ्दो शिथिलता र असक्षमताका उदाहरणहरु पनि धेरै छन् । प्राकृतिक साधनको संरक्षण र ब्यवस्थापनका लागि सरकारी स्तरमा अपनाइएका उपायहरुको असफलताले गर्दा नै वैकल्पिक विकासका उपायहरु पहिल्याउनु पर्ने बाध्यता देखिएको छ । यसले गर्दा प्राकृतिक साधनका लागि जनतामा केन्द्रित सहभागितामूलक ब्यवस्थापन प्रणालीको प्रादुर्भाव हुन गएको छ ।

हालै आएर, एशिया र विश्वका अन्य मुलुकहरुमा सामुदायिक वन कार्यक्रमहरु, कृषक ब्यवस्थित सिंचाई प्रणालीहरु, उपभोक्ता समूह ब्यवस्थित चरन विकास तथा वनको संयुक्त ब्यवस्थापनका माध्यमबाट अपनाइएको सहभागितामूलक प्राकृतिक साधन विकास र ब्यवस्थापनका प्रयासहरु सफल हुँदै आएका छन् ।

इसिमोडले (अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र) विशेष गरी हिन्दू कुश-हिमाली प्रदेशका मुलुकहरुमा सामुदायिक वन प्रणालीसंग सम्वन्धित यस्ता प्रयासहरुसंग सम्वन्ध राखी आएको छ । यस सम्वन्धको माध्यमबाट र स्थलगत पर्यवेक्षणबाट इसिमोडले ती प्रयासहरुको सवल पक्ष एवं कमजोरीहरुको पहिचान गरेको छ । त्यस्ता प्रयासहरु हचुवा र छिट्पुट् रुपमा गरिनु एक मुख्य कमजोरीको रुपमा देखा परेका छन् । विभिन्न अनुभवहरु संगालेर संश्लेषण गरी आदान-प्रदान गर्ने परिपाटी छैन । यसै गरी जनमुखी, सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापनका प्रयासहरुसंग सम्वन्धित विभिन्न मामिलाहरु, समस्याहरु र सम्भावनाहरुलाई एकीकरण गर्न सघाउन सक्ने वैचारिक ढाँचाको सामान्य अभाव पनि रही आएको छ । साथ-साथै, लचिलापन र नवीनता भए तापनि सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापनलाई सघाउने संस्थाहरुले अनुभवको प्रसार गर्नका लागि मात्र प्रोत्साहन र सहयोग पुऱ्याउन सकेका छन्, तर ती संस्थाहरुले नयाँ र उत्साहजनक रुपमा सहभागितामूलक प्रयासहरुमा नेतृत्व भने प्रायस: दिन सकेका छैनन् ।

यस भेकमा यस किसिमको संस्थागत खाँचो भएको महसुस गरिएकोले १९९३ मा इसिमोडको सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रमको शुरुवात् गरियो। सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापनसंग सम्वन्धित क्रियाकलापहरु संचालन गर्न इसिमोड तुलनात्मक रुपमा सक्षम रहेको छ । इसिमोडको यो क्षमता अन्तर देशगत परिप्रेक्ष्यमा हिन्दू कुश-हिमालीभेकका जुनसुकै देशमा पनि अध्ययन, पर्यवेक्षण र काम गर्न सक्नु, संचालनमा लोचकता र स्वायत्तता कायम राखी नयाँ र अपरम्परागत प्रणालीलाई जाँची प्रयोग गर्न सक्नु तथा विकेन्द्रित संचालन परिपाटी अपनाउनुमा आधारित छ । यस बाहेक, आफ्ना विगतका कामहरुबाट इसिमोडले अन्तर देशगत अनुभवहरुलाई संश्लेषण गरेको छ र कार्यमूलक अनुसन्धान, स्थलगत प्रदर्शन तथा नीति एवं कार्यक्रमहरु प्रति समर्थन र कार्यान्वयन गर्ने अभिरुचिलाई जगेर्ना गरी आएको छ ।

*नेपाल अध्यस्थता समूहको गठन*

सामुदायिक वन र अन्य प्राकृतिक साधनका सम्वन्धमा उठ्ने गरेका विवाद बढ्दो चासोको विषय हो । भविष्यमा विवाद रोक्ने र समाधान गर्ने बाटो र साधनहरुको जगेर्ना गर्ने काममा संस्थाहरु माथि गहन अभिभारा बढ्दै जाने कुरामा सहमति बढ्दै गएको छ । संस्थाहरुसंग विवादको प्रकृति बारे अनुभव भए तापनि विवाद समाधानको रचनात्मक उदाहरणहरु भने कमै पाइन्छन् । संस्थाहरुमा विवादका मामिलाहरु सुल्झाउने क्षमता निर्माण गर्ने प्रक्रिया शुरु गर्नु अपरिहार्य भइसकेको छ। समाधान नभएका विवादका सामाजिक, आर्थिक एवं वातावरणीय सन्दर्भमा परेका नकारात्मक प्रभाव बारे केही अनुभवसिद्ध अध्ययनहरु भएका छन् तथापि समाधान नभएका विवाद र प्राकृतिक साधनहरुको विनास हुनुका बीच कुनै न कुनै प्रकारको अन्तर सम्वन्ध रहेको कुरा विभिन्न अनुभवहरुबाट पुष्टि भएको पाइन्छ । विवाद रहेका ठाउँहरुमा समुदायमा आधारित वन ब्यवस्थापन प्रणाली लागू गर्न अप्ठेरो पर्न जान्छ ।

यस मामिलातर्फ ध्यान आकर्षित गर्न र विवाद समाधान गर्न सक्ने क्षमता निर्माण गर्न सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रमले एउटा सामुहिक प्रक्रियाको थालनी गऱ्यो । प्राकृतिक साधन सम्वन्धित विवादका मामिलाहरुमा सामूहिक छलफलको प्रक्रियालाई बढावा दिने हेतुले अगस्त १९९४ मा नेपाल मध्यस्थता समूहको शुरुवात् गरियो । संस्थागत आवश्यकता र सरोकारका विषयहरुमा आपसी सम्वन्ध कायम गर्नुका साथै यस प्रक्रियाको मूलभूत उद्देश्य विवाद समाधानका लागि एउटा तालिम कार्यक्रममा सहभागिता जुटाउन एक नेपाली टोली गठन गरी बिचार विमर्श गर्नु रहेको थियो । यस सम्वन्धमा क्षेत्रीय सामुदायिक वन तालिम केन्द्र (RECOFTC) द्वारा डिसेम्वर १९९४ मा बैंककमा नौ

दिनको एउटा कार्यक्रम संचालन गर्ने अवसर दिइयो । नेपाल मध्यस्थता समूहको सदस्यहरुमा शुरुमा श्री ५ को सरकार, वन विभाग अन्तर्गतको सामुदायिक तथा निजी वन महाशाखा, द्विपक्षीय वन आयोजनाहरु गैर-सरकारी संस्थाहरु, अनुसन्धान संस्थाहरु, र एक जना वकिल सहितका विभिन्न ब्यवसायीहरु समावेश गरिएका थिए।

प्रथम बैठकमा लिइएका निर्णयहरुमा विवाद समाधान एउटा महत्वपूर्ण कार्य भएकोमा सर्वसम्मति रहेको विवाद समाधान गर्नका लागि सदस्यहरुको क्षमता बढाउने प्रक्रियामा सहभागी बन्नका लागि सबै सदस्यको कटिवद्धता रहेको कुरा समेत समावेश गरियो । नेपाली टोलीले क्षेत्रीय सामुदायिक वन तालिम केन्द्रको कार्यक्रममा भाग लिने कुरामा पनि सहमति भयो । यस प्रक्रियालाई परस्परमा बढी प्रभावकारी बनाउन समूहले आ-आफ्ना कामका सिलसिलामा परी आएका विवाद एवं समाधानका उदाहरणहरुलाई अभिलिखित गर्ने र बैंककमा कार्यशालाको कार्यक्रममा प्रस्तुत गर्न सकिने गरी मामिला अध्ययनहरु (केस स्टडी) तयार गर्ने निधो गर्‍यो। यस बाहेक बैंककमा आयोजना गरी अनुभवको आदान-प्रदान गर्ने र नेपालका अन्य ब्यक्ति एवं संस्थाहरुसंग भावी कार्यक्रम बारे छलफल गर्ने निधो पनि गरियो ।

सदस्यहरुको बैंकक कार्यशाला (RECOFTC कार्यक्रम) बाट प्राप्त अनुभवहरुलाई काठमाडौंस्थित संस्थाहरुमा मात्र सीमित नराखी अन्यत्र पनि ब्यापक रुपमा फैलाउनका लागि उपयुक्त कार्य प्रक्रिया तय गर्नु पर्ने तर्फ विशेष चासो ब्यक्त गरेका थिए ।

*विवाद समाधान तालिम कार्यक्रम*

नेपाल मध्यस्थता समूह (ने.म.स.) का लागि नेपाली टोलीले बैंकककको कार्यशालामा भाग लिएर पाँच वटा मामिला अध्ययनका कार्यपत्र प्रस्तुत गर्न पाउनु ठूलो उपलब्धि सावित हुन गयो । चार वटा मामिला अध्ययनहरु ने.म.स.का सदस्यहरुले तयार गरेका थिए । पाँचौ अध्ययन एशिया फाउण्डेशनद्वारा तयार पारिएको थियो । कार्यशालामा भाग लिने ने.म.स.का सदस्यहरुले कार्यशालाबाट नेपाल र यस क्षेत्रमा सामुदायिक वन सम्वन्धी विवादहरु समाधान गर्न र पहिचान गर्न नयाँ शीप र तरिका सिक्न निकै उपयोगी भएको तथ्य स्वीकार गरे । कार्यक्रमका अनुदेशकहरु बाट पछि पनि प्राप्त भएका जानकारीहरु निकै सकारात्मक थिए । तालिम कार्यक्रममा नेपाली टोलीले सबैको ध्यान आकर्षित गरी प्रभावकारी रुपमा भाग लिएको थियो र टोलीको सहभागिता ज्यादै प्रष्ट र रचनात्मक रहेको थियो। नेपाल बाट प्रस्तुत गरिएका मामिला अध्ययनका कार्यपत्रहरु निकै रुचाइए र सामुदायिक वन विवाद समाधानका विषय बस्तुमा थप योगदानका रुपमा ग्रहण

गरिए । यी मामिला अध्ययनहरु विश्वका अन्य भागका लागि पनि शिक्षाप्रद हुने कुरा पनि ठहर गरियो ।

## विवाद समाधान विषयक गोष्ठी

यस गोष्ठी गर्ने योजना जनवरी १९९२ मा शुरु गरियो । यस गोष्ठीको एक मुख्य ध्येय नीति निर्माताहरुलाई विवादहरु र विवादबाट पर्न जाने अप्ठ्यारा स्थितिहरु बारे सचेष्ट गराउनु थियो । विवादका कारणहरु र विवादबाट पर्न जाने प्रभावका सम्वन्धमा जानकारी र समझदारीको अभाव रही आएकोले प्राकृतिक साधनको व्यवस्थापनका लागि बढी समझदारी र बढी संचेतनबाट मात्र स्पष्ट नीति तयार हुन सक्दछ । पछि गएर दीर्घकालीन रुपमा उपयुक्त एवं चेतनशील नीति बन्न सकोस् भन्नाका लागि ने.म.स.ले चेतनाको निर्माण गर्दै जान एउटा नियमित प्रक्रियाको थालनी गर्न चाहेको थियो । यसका साथ-साथै मध्यस्थता गर्नका लागि र विवाद समाधानका लागि उपयुक्त तौर-तरिका बारे विमर्श गर्नु र सहभागीहरुलाई विवाद समाधान गर्दा अपनाउन सकिने रचनात्मक विकल्पहरु बारे जानकारी गराउनु गोष्ठीको अर्को उद्देश्य थियो ।

नेपाल मध्यस्थता समूहले तयार गरेको पाँच वटा मामिला अध्ययनहरुको सेरोफेरोमा गोष्ठीको विषय बस्तु तय गर्ने निधो गरियो । मामिला अध्ययन गरिएको केही ठाउँका वन उपभोक्ता समूहका सामुदायिक सदस्यहरु र वन विभागका प्रतिनिधिहरुलाई गोष्ठीमा सहभागी गराउने बिचार गरियो । समुदायका सदस्यहरुको सहभागितालाई ध्यानमा राखी गोष्ठीलाई कार्यपत्रमुखी नबनाई छलफल र अन्तरक्रियामुखी बनाउने र गोष्ठीमा नेपाली भाषा प्रयोग हुने कुरा तय गरियो । सदस्यहरुले सम्भाब्य सहभागीहरुको सामुहिक सूचि तयार गरे ।

समुदायका सदस्यहरु र मामिला अध्ययन गरिएका ठाउँका वन कर्मचारीहरुलाई पहिलेनै बोलाएर आधा दिनको तयारी बैठक सम्पन्न गरियो । तिनीहरुका लागि काठमाडौं वरिपरी दृश्यावलोकनका लागि आधा दिनको समय खालि राखियो ।

### *गोष्ठीका लागि तयारी बैठक*

अप्रिल २४, १९९५ का दिन आयोजित तयारी बैठकमा ने.म.स.का सदस्यहरु र काभ्रे र गोरखा जिल्लाका सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरु सम्मिलित थिए । सबैको परिचय पछि मनोहरलाल श्रेष्ठले बैठक र गोष्ठीको उद्देश्य बारे संक्षेपमा प्रकाश पार्नु भयो । उपभोक्ता समूहका सदस्यहरुले मन्तब्य ब्यक्त गरेपछि

अर्को दिन बुच्छुङ्ग, जलविरे र बोक्सेका मामिला अध्ययन प्रस्तुत गर्नका लागि सहभागीहरुलाई तीन वटा समूहमा बाँडियो ।

विवादका सम्वन्धमा, विवादबाट उठेका मामिलाहरु बारे तथा विवाद समाधानका लागि अपनाउनु पर्ने उपाय बारे सुझावका सम्वन्धमा छलफल गराइयो । यो बैठक प्रत्येक स-साना समूहका निष्कर्षहरु ठूलो समूहमा छलफल भए पछि सम्पन्न गरियो। समूहका प्रतिवेदनहरु मध्ये जनविरेको सपना मल्लले, बोक्सेको शारदा खरेलले तथा बुच्छुङ्गको नेत्र तुम्बाहाङ्गफेले तयार गर्नु भयो ।

## गोष्ठीको कार्य विवरण

एक्सन एडका रमेश खड्काले गोष्ठीको कारवाई प्रारम्भ गर्नुका साथै मूल सत्रको दिनभरको कार्यक्रम संचालन गर्नु भयो । सबै अतिथिहरुलाई स्वागत गरे पछि र त्यो दिनको कार्यक्रमको संक्षेप बताए पछि श्री खड्काले इसिमोडका नायव महानिर्देशक डा. महेश बाँसकोटाको परिचय दिंदै उहाँलाई स्वागत भाषण प्रस्तुत गर्न आमन्त्रित गर्नु भयो ।

*इसिमोडका नायव महानिर्देशक डा.महेश बाँसकोटाको स्वागत भाषण*

सहभागीहरुलाई स्वागत गर्दै डा. बाँसकोटाले इसिमोड र सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रमको संक्षिप्त परिचय प्रस्तुत गर्नु भयो र नेपाल र यसका वरिपरिका क्षेत्रमा यस कार्यक्रमको उपादेयता बारे प्रकाश पार्नु भयो ।

डा. बाँसकोटाले भन्नु भयो, वन विभागका विगतका रणनीतिहरु वृक्षारोपण गरेर वन-जङ्गल क्षेत्र बढ्छ भन्ने धारणामा आधारित रहे । त्यो काम सजिलो जस्तो देखियो र त्यस्मा जनसहभागिता हुन सकेन । बर्षहरु बितेर जांदा वनले ढाकेको क्षेत्र घट्दै गयो तर वन अधिकृतहरुको संख्या भने बढ्दै गयो । वनका लागि वृक्षारोपण गर्नु सजिलो जस्तो लागे तापनि तिनको संरक्षण र ब्यवस्थापन गर्ने काम भने जटिल हुन्छ ।

आज यस गोष्ठीको आयोजनाबाट कुनै पनि समाजमा विवाद उठ्नु एक सामान्य कुरा हो भन्ने प्रष्ट हुन गएको छ । विवाद उठेमा तिनलाई दवाउन वा लुकाउन हुँदैन । विवादहरुलाई प्रकाशमा ल्याई समाधानका उपायहरु पहिल्याएर विवादको टुंगो लाउनु ठूलो उपलब्धि हुन जान्छ ।

शुरुमा श्री ५ को सरकारले सबै वनलाई राष्ट्रियकरण गऱ्यो, तर अब आएर यी वनहरु सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने नीति अपनाइएको छ।

यस सम्वन्धमा निकै मतभेदपूर्ण दृष्टिकोण हुन सक्छ तर यस कार्यका सहभागीहरुले एकजूट र सतर्क भई काम गर्नु पर्दछ । हामीसंग अहिले भएका साधन र श्रोतहरु प्रति मात्र ध्यान नदिई नयाँ साधन र श्रोतको जगेर्ना गर्ने तर्फ पनि ध्यान पुऱ्याएर तिनलाई व्यवस्थित गर्न समुदायलाई कसरी सामेल गराउने भन्ने तर्फ बिचार पुऱ्याई काम गर्न आवश्यक छ । यसो गर्न नसके सीमित साधन र श्रोतमाथि जनसंख्याको चाप बढ्न गई विवादहरु अझै बढ्दै जाने छन् । यस्ता कुराहरुमा बिचार विमर्श गरी नयाँ-नयाँ उपायहरु पहिल्याउने कार्यमा इसिमोडले मद्दत गरी आएको छ र गर्दै जाने छ । इसिमोडले यस प्रक्रियालाई नेपाल मध्यस्थता समूहको माध्यमबाट सघाउ पुऱ्याएर विवाद समाधान गर्ने उपायहरु पत्ता लगाउने काममा सघाई आएकोमा हामीलाई खुशी लागेको छ ।

*गोष्ठीको पृष्ठभूमि*

श्री ५ को सरकार, वन विभागको तालिम महाशाखाका श्री मनोहरलाल श्रेष्ठले गोष्ठी र नेपाल मध्यस्थता समूह (ने.म.स.) को पृष्ठभूमि स्पष्ट पार्नु भयो । विभिन्न सरकारी एवं गैर-सरकारी संस्थाहरुको सदस्यता रहेको ने.म.स.को प्रारम्भ एउटा अन्तर संस्थागत तथा सहयोगात्मक मञ्चको रुपमा अगष्ट १९९४ मा भएको थियो। ने.म.स.मा देहायका संस्थाहरुको प्रतिनिधित्व रहेका छन्:

श्री ५ को सरकार, वन विभाग, नेपाल-बेलायत सामुदायिक वन आयोजना, नेपाल अष्ट्रेलिया सामुदायिक वन आयोजना, एफ.ओ.आर.एस.सी., न्यू एरा, वाच(WATCH), एक्सन एड, र इसिमोड । ब्यक्तिगत स्तरका ब्यावसायिक सदस्यहरुमा एक जना वकिल र एक जना समाजशास्त्री रहेका छन् ।

नेपाल मध्यस्थता समूह (ने.म.स) विशेष गरी प्राकृतिक साधन ब्यवस्थापनको क्षेत्रमा विवाद समाधानका लागि क्षमता मजवूत बनाउने प्रक्रियामा सहभागी हुन प्रतिवद्ध रहेको संस्था हो । यसको समष्टिगत उद्देश्य विवाद समाधानका तौर-तरीका र शीपको विकास र बिस्तार गर्नु हो । समूहका सदस्यहरु विवाद समाधान गर्ने तौर-तरिकाहरु पहिले देखिनै विद्यमान छन् र यिनलाई राम्रोसंग अध्ययन गरी सुधार गर्न र सुदृढ बनाउनु पर्छ भन्ने कुरा प्रति सजग रहेका छन् ।

यी उद्देश्य प्राप्तीका क्रममा समूहका सदस्यहरुले आ-आफ्ना कामका सिलसिलामा सामना गर्नु परेका विवादहरुमा आधारित मामिला अध्ययनहरु (केस स्टडी) तयार गरेका छन् । यी मामिला अध्ययनहरु विवाद समाधान विषयमा आयोजित एउटा क्षेत्रीय तालिम कार्यक्रममा प्रस्तुत गरिएका थिए । त्यो तालिम क्षेत्रीय सामुदायिक वन तालिम केन्द्र (RECOFTC) बैंककमा १९९४ को डिसेम्बरमा आयोजना गरिएको

थियो । समूहले नेपाल भित्र आफ्नो क्रियाकलापमा विशेष गरी सामुदायिक स्तरमा कार्य गर्नेहरुलाई सहभागी गराउनका लागि यो गोष्ठीको आयोजना गरेको हो । सामान्यतया, विवादहरु सरकारी नियम निर्देशनको कारणबाट वा सामुदायिक स्तरमा उत्पन्न हुने गरेको पाइन्छ । यस गोष्ठीको एउटा लक्ष्य स्थानीय र राष्ट्रिय स्तरमा विवादका कारणहरुका साथ-साथै विवाद समाधानका लागि चाल्नु पर्ने कदमहरु बारे बिचार विमर्श गर्नु रहेको छ ।

श्री श्रेष्ठले सहभागीहरुको अभिरुचि प्रति कृतज्ञता ब्यक्त गर्नु भयो र मूल वक्ता श्री कैलाश नाथ प्याकुरेल (सदस्य, राष्ट्रिय योजना आयोग) को परिचय दिंदै उहाँलाई मूल सम्बोधन प्रस्तुत गर्न अनुरोध गर्नु भयो ।

## मूल सम्बोधन: विवादहरु र तिनका समाधानहरु

प्रस्तुतकर्ता: श्री कैलाश नाथ प्याकुरेल, सदस्य, श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग

परापूर्वकालदेखि नै मानिसले प्राकृतिक साधनको उपयोग गरी आएका छन् । अब आएर जनसंख्याको बृद्धि र विकास कार्यक्रमहरु पनि बढ्दै गएकाले बढ्दो माग अनुरुप प्राकृतिक साधनहरुको आपूर्ति हुन नसक्ने स्थिति छ । माग र आपूर्ति बीचको बढ्दो अन्तरले गर्दा दुर्लभ संसाधनको उपयोग गर्न प्रतिस्पर्धा गर्नु पर्ने भएको छ र यसले गर्दा उत्पन्न भएका विवादहरुका कारण विकासको गति समेत अवरुद्ध हुन पुगेको छ ।

सम्पतिको अधिकारका लागि र संसाधन उपलव्ध गर्नका लागि उत्पन्न हुने विवादहरु नयाँ कुरा होइनन् तर यिनको समाधान गर्न संस्थागत-स्तरमा नीतिहरु हाल मात्र बन्न थालेका छन् । प्राकृतिक, भौतिक र मानवीय संसाधनका सम्वन्धमा देखिएका कमी र समस्याहरुको निराकरण गर्न उपयुक्त कार्यक्रमहरु बिस्तार गरी जोडदार रुपमा कार्यान्वयन गर्न सकिएमा विकासको गति अवश्य पनि तीब्र हुँदै जानेछ । आफ्नो सम्बोधनको क्रममा, म प्राकृतिक साधन सम्वन्धी विवादका मामिलाहरुको विश्लेषण प्रस्तुत गर्न चाहन्छु । मेरो निष्कर्ष प्रजातान्त्रिक मूल्य र मान्यताका आधारमा विवाद निराकरण गर्ने तर्फ लक्षित हुनेछ ।

*प्राकृतिक साधन*

नेपालका महत्वपूर्ण संसाधनहरु परापूर्वकालदेखि हामीले उपलब्ध गरी आएका जलश्रोत, भूमि र वन-जङ्गल हुन् । जन-साधारणको जिविकोपार्जनको श्रोत प्राकृतिक साधन भएकाले यी साधनको संरक्षण र जगेर्ना गर्न यथेष्ट प्रयास र शक्ति लाग्न

जान्छ। यसका साथ-साथै नेपालले द्रूतगतिमा विकास पनि गर्दै जानु छ । यसका लागि प्राकृतिक साधनहरुको बारम्बार अति उपयोग हुने गरेको हामी देख्दछौं । परम्परागत भू-स्वामित्व प्रणालीलाई सुधार गरिएको छ । यसबाट केही लाभान्वित भएका छन् भने केहीलाई हानी पनि पुगेको छ । हानी ब्यहोर्नु पर्ने वर्गको असन्तुष्टीबाट विवाद र संघर्ष उत्पन्न हुन्छ ।

*विवादको भूमिका*

दुई वा दुई भन्दा बढी वर्गका बीच दृष्टिकोण र मनस्थितिमा भिन्नता उत्पन्न भएको स्थितिमा विवाद खडा हुन सक्दछ । यहाँ मैले विवादलाई अटेरीपन, असहमति, घृणा-द्वेष, उग्रता आदिको सन्दर्भमा लिएको छु । सामान्यतया हामीले संघर्षलाई नकारात्मक रुपमा लिए तापनि यस्को सकारात्मक पक्ष पनि हुने गर्दछ। समाज संघर्षबाट सदा टुक्रने मात्र नभएर बलियो पनि बन्न सक्छ । विवादले सत्यता र वास्तविकतालाई सुदृढ पार्न मद्दत गर्दछ । तसर्थ विवादहरुले समाजको उत्थानका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

<u>विवादका प्रकार</u>: सरल रुपले बुझ्नका लागि विवादहरुलाई निम्नलिखित प्रकारले वर्गीकरण गर्न सकिन्छ:

(क) वाहय र अन्तर समूहगत विवाद
(ख) क्रियाशील र निष्क्रीय विवाद
(ग) परम्परागत विवाद र नयाँ तौर-तरिकाले गर्दा उत्पन्न विवाद
(घ) सरकारी र गैर-सरकारी संस्था बीच विवाद

विवादलाई अरु चार किसिमबाट वर्गीकृत गर्न सकिन्छ:

(क) विवादका कारण
(ख) विवादको हद
(ग) विवादको अवधि
(घ) विवादको असर

(क) विवादका कारण: सामान्यतया दवाइएका वर्गबाट विवाद उठाइने गरिन्छ । प्राकृतिक साधनको परम्परागत रुपमा प्रयोग गरी आएको परिपाटीमा फेरबदल हुनु विवादको मुख्य कारण बन्न जान्छ । उदाहरणका लागि नजिकको पानीबाट सिंचाई गर्ने गरेका कृषकहरु त्यो पानी अन्यत्र लगी उपयोग गर्न थालियो भने असन्तुष्ट हुन्छन् । यसै गरी दाउरा काट्नेहरु र रेन्जरहरु बीच विवाद हुनाको कारण पनि प्रष्टै छ । उपभोक्ता समूह र संरक्षणकर्ताहरु बीच पनि विवाद उत्पन्न हुन्छ । यस

बाहेक, प्राकृतिक साधन सम्वन्धी ऐन कानून पनि अस्पष्ट हुनु पनि विवाद उठ्ने कारण भएको छ ।

(ख) विवादको हद: स-साना विवादले समझदारीको कमी हुन गएबाट पनि ठूलो रुप लिन्छन् । राजनैतिक गठवन्धन र वाहृय कारणहरुबाट पनि समस्या उठ्छ । विवादीहरु बेग्ला - बेग्लै जातीय समूहका छन् भने विवादको स्थिति अझै बिग्रने गरेको कुरा अनुसन्धानबाट देखिएको छ ।

(ग) विवादको अवधि: केही विवादहरु लामो अवधिसम्म पनि नसुल्झने हुन्छन् तर सबै विवाद समाधान हुन लामो अवधि नै चाहिन्छ भन्ने छैन । विवादको अवधि विवादीहरुको उद्देश्य, विवादबाट लिन खोजिएको फाइदा र मध्यस्थको विवाद सुल्झाउने दक्षतासंग सम्वन्धित रहेको हुन्छ । विवादीहरुको जिकिरमा धेरै भिन्नता र तर्कमा निकै फरक छ भने, विवाद उद्देश्यहीन छ भने, वा विवादका कुराहरु दवाइएका वा अस्पष्ट छन् भने यस्ता विवाद लम्बिन सक्छन् । यदि दुवै विवादी पक्ष विवादको मूल्य, त्यसबाट प्राप्त हुन जाने फाइदा भन्दा बढी छ भन्ने ठान्दछन् भने मध्यस्थता गर्नेले छोटो समयमा विवाद सुल्झाउन सक्ने हुन्छ ।

विवाद सरल किसिमको छ वा जटिल छ त्यस कुरामा पनि विवाद सुल्झन लाग्ने समयले निर्धारण गर्छ । उदाहरणका लागि प्राकृतिक साधन संरक्षण र उपयोग समूहको सूचिमा नाम छुट हुन गएबाट उत्पन्न विवाद सूचिमा नाम समावेश गरेमा टुंगिन जान्छ भने समूहको बनौट, उपभोग प्रणाली र सदस्यतामा फेर-बदल गर्दा उत्पन्न हुन सक्ने विवाद सुल्झन बढी समय लाग्न सक्छ ।

(घ) विवादको असर: विवाद समाधान भए पछि एक पक्षको विजय र अर्कोपक्षको हार हुन जान्छ । विवादको माध्यमबाट विपन्न र गरीव वर्गसंग सरोकार रहेका मामिलाहरु स्पष्ट रुपमा उठाउन सकिने हुँदा विवाद, छलफल र संघर्ष जस्ता माध्यमबाट समाजमा परिवर्तन आउन सक्ने बिचारबाट समाजशास्त्रीहरु र दार्शनिकहरुले विवादका सकारात्मक पक्षलाई अघि सार्ने गर्दछन् । विद्यमान सामाजिक संरचनालाई चुनौती दिएमा सुधार र थप परिवर्तनहरु आउन सक्छन् र यसबाट सम्भवत: विवादहरु पनि कम हुँदै जान सक्ने हुन्छ ।

विवादले गर्दा पैसा, शक्ति, समय र साधनको ठूलो क्षति हुन जान्छ । वनको हक दावी सम्वन्धमा उठ्ने गरेका विवादबाट ब्यापक वन फडानी हुन सक्छ । यसले गर्दा वन संरक्षणका कानूनी आधार कमजोर हुन गई वन-जङ्गलको विनास हुन जान्छ । पानीको श्रोत विवादको अर्को प्रमुख कारण हो । कुनै पानीको पाइप वा पानी सङ्कलन गर्ने ट्याकिमा गाउँलेहरुले उपयोग गरी आएका पानीको श्रोतबाट

पानी फर्काइयो भने यसबाट असर पर्न गई यस्तो कार्यक्रमप्रति गाउँलेहरुले अवश्य आपत्ति जनाउने छन् र यसबाट पिउने पानी र सिंचाई सुबिधा झन्-झन् बिग्रेर जान सक्ने हुन्छ ।

समष्टिगत रुपमा न्यायोचित परिणामका लागि उठ्ने गरेका विवादहरुले समाजलाई दरिलो बनाउन र सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याउँछन् । अर्को तर्फ, व्यक्तिगत स्वार्थबाट प्रेरिट भई उठाइने विवादहरुबाट नकारात्मक असर पर्नुका साथै समय, परिश्रम र साधन समेत खेर जाने भई वातावरणमा समेत नोक्सान पुग्न जान्छ । यस प्रकारका ब्यक्तिगत विवाद सकभर छिटो टुगाई दिनु पर्छ ।

विवाद समाधानका लागि केही सुझावहरु यस प्रकार छन् । विवाद समाधान गर्ने माध्यम परम्परागत रुपमा रही आएका अड्डा अदालतहरु छन् तर यो माध्यम लामो, ढिलो र खर्चिलो हुन सक्छ । तसर्थ विवादको स्थल वा गाउँ-स्तरमा नै विवादको समाधान खोज्नु बेश हुन्छ । विकाससंग सम्वन्धित मामिलाहरु र प्राकृतिक साधनको ब्यवस्थापन सम्वन्धी विवादहरु जति सक्यो छिटो समाधान गरी दिनु पर्छ।

प्राकृतिक साधन ब्यवस्थापनसंग सम्वन्धित विवादहरु विकास प्रक्रियाका अभिन्न अंग हुन् । यो कुरा बुझ्ने हो भने उपभोक्तानै केन्द्र विन्दुमा रहेको छ भन्ने कुरा स्पष्ट हुन आउँछ । उपभोक्ताहरुबाटै विवाद शुरु हुन्छ र तिनीहरुबाटै समाधान पनि हुन्छ। तसर्थ विवादको कारण, त्यस्को असर र समाधान तरिका पहिल्याउने क्षमता जनसमुदाय बीच रहनु आवश्यक छ । यस गोष्ठीमा उपयोगी हुन सक्ने केही बुँदाहरु म यहाँ प्रस्तुत गर्न चाहन्छु:

(१) विवाद समाधान गर्ने प्रजातान्त्रिक तरिका
(२) जागरुक राष्ट्रिय सहभागिता
(३) जनसंसाधनको विकास र कार्यान्वयन
(४) पारदर्शिता
(५) समन्वय
(६) अनुगमन र मूल्याङ्कन

यी ६ वटा बुँदाहरु सारांशमा तल प्रस्तुत गरिन्छ:

(१) विवाद समाधान गर्ने प्रजातान्त्रिक तरिका: छलफलको माध्यमबाट गरिने समाधान धेरैजसो संस्थागत-स्तरमा हुने गर्दछन् । उदाहरणका लागि, कुनै विवाद समाधानको छलफल गर्दा वन विभागको संलग्नता रहेको छ भने विभागले कानूनी प्रक्रियाद्वारा विवाद समाधान गर्न गैर-कानूनी कृयाकलाप गर्ने पक्षलाई सजाय दिलाउने

प्रयास गर्दछ । छोटो समयका लागि यो तरिकाले काम दिए तापनि यस्को दीर्घकालीन असर उल्टो पर्न सक्छ ।

विवाद समाधान गर्ने प्रजातान्त्रिक तरिकाहरुबाट जनसाधारणलाई आफै विवाद समाधान गर्न र समस्याको मूल कारण पहिचान गर्न मद्दत पुग्न जान्छ । यसले गर्दा जनसाधारण आफै निर्णयकर्ताको रुपमा विवाद समाधान गर्नका लागि उत्साहित हुन्छन् । छिटो छिटो विवाद समाधान हुन सक्ने उपयुक्त वातावरण तयार हुन्छ। प्राकृतिक साधनको संरक्षण र उपयोगका लागि यस प्रकारको प्रजातान्त्रिक तरिका अपनाउने प्रणाली बसाल्नु पर्छ । सजायमुखी समाधान तरिकाबाट प्रजातान्त्रिक समाधान तरिका तर्फ उन्मुख हुँदै जाने कुरा चुनौतीको रुपमा रहेको छ ।

(२) जागरुक राष्ट्रिय सहभागिता: साधन र श्रोतको संरक्षण र उपयोग सम्वन्धमा राम्रो सम्वन्ध कायम राख्न राष्ट्रिय सहभागिताको दुई महत्वपूर्ण भूमिका रहेको हुन्छ। पहिलो, सामुहिक सहभागिताबाट विवाद समाधान गर्ने जिम्मेवारी लिने बानी बस्न जान्छ । दोश्रो, स्थानीय तहमा विवाद समाधान हुने भएबाट छिटो र कम खर्चिलो तरिकाले विवाद समाधान हुन सक्छ । तसर्थ मानसिक एवं आर्थिक दुवै दृष्टिकोणबाट राष्ट्रिय सहभागिताको महत्व रहेको छ ।

विवाद समाधानका क्रममा बौद्धिक तथा विवेकशील ब्यक्तिहरुलाई सम्मिलित गराइएमा विवादको स्थायी रुपमा समाधान हुन सक्छ । सहभागिता अन्तर्गत प्राकृतिक साधनको ब्यवस्थापन र विकास, विवाद समाधान, समस्या र उद्देश्यको पहिचान, समाधानको खोजी र कार्यक्रमको तयारी, वैकल्पिक योजनाहरुको तर्जुमा, अनुगमन र मूल्याङ्कन तथा प्रतिफलहरुको वितरण जस्ता पक्षहरु समाहित हुनु पर्दछ।

(३) जनसंसाधनको विकास र कार्यान्वयन: जनता जागरुक भएर विवाद समाधान गर्ने निर्णय गर्नु पर्छ । जनजागरण विकासका लागि सरकारी र निजी दुवै स्तरमा शैक्षिक कार्यक्रमहरु लागू गर्नु आवश्यक छ ।

(४) पारदर्शिता: कार्यक्रमहरु स्पष्ट र पारदर्शी हुनु पर्दछ । खुलापन र स्पष्टताबाट कार्यक्रमका फाइदाप्रति जन-विश्वास लिन सकिने भई सफल नतिजा प्राप्त हुन जान्छ ।

(५) समन्वय: दुर्भाग्यवश नेपालमा विकासका लागि आवश्यक पूर्वाधारहरु प्रर्याप्त छैनन् र विद्यमान पूर्वाधारहरुको पनि समन्वयको कमीले गर्दा राम्ररी मर्मत सम्भार र उपयोग हुन सकेका छैनन् । यसले गर्दा पैसा समय र परिश्रम दुरुपयोग हुन गई विवाद समेत बढ्न जाने स्थिति आई पर्छ । विभिन्न समूह बीच समन्वय गरी योजना बनाएमा विवादहरु बढ्न पाउँदैनन् ।

(६) अनुगमन र मूल्याङ्कन: नेपाल जस्तो पिछडिएको मुलुकमा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि मूल्याङ्कन र अनुगमनले विशेष महत्व राख्दछ । विकास गर्नका लागि र विवाद समाधानका लागि प्राविधिक र आर्थिक क्रियाकलापहरुको निरन्तर अनुगमन र मूल्याङ्कन नगरिएमा कार्य योजनाहरु सुचारु रुपले कार्यान्वयन हुन सक्दैनन् । साधन र श्रोत सम्बन्धी योजनाहरुको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्न जनसहभागिता रहनु आवश्यक छ । यस्तो सहभागिताबाट कार्यान्वयन क्षमता बढ्न गई विकासको गतिलाई पनि तीब्र पार्न सकिन्छ ।

*प्राकृतिक साधन व्यवस्थापन विवादहरुमा उपभोक्ता समूहको भूमिका*

प्राकृतिक साधन सम्वन्धमा उठ्ने विवादहरुको समाधान गर्न उपभोक्ता समूहहरुको ठूलो महत्व हुन्छ । वन उपभोक्ता समूह र सिंचाई उपभोक्ता समूहहरुको धेरै प्रयासबाट नै विवादहरु स्थानीय-स्तरमा समाधान गर्ने गरेको पाइएको छ । तथापि, अन्य समूहहरु विशेष गरी सरकार सम्वद्ध निकायहरुले अझै पनि विवाद समाधानका लागि सजायमुखी तरिका अपनाएको देखिन्छ । केही गैर-सरकारी संस्थाहरुबाट बनेका समूहहरुले विवाद समाधान गर्न प्रजातान्त्रिक तरिकाहरु पनि अपनाएका छन् र यस्ता प्रयासहरुको सराहना गर्नु पर्छ । उपभोक्ता समूहहरु जनमुखी हुने हुनाले विवाद समाधान गर्न सफल हुन सक्छन् र यिनलाई प्रोत्साहित गर्नु पर्छ ।

*निष्कर्ष*

विकास कार्यक्रमहरु वाद-विवाद वा बहसबाट मुक्त हुँदैनन् । प्राकृतिक साधन व्यवस्थापनसंग सम्वन्धित मामिलाहरु उत्तेजनापूर्ण हुन्छन् । नेपालका विगत विकास कार्यक्रमहरुका सम्वन्धमा धेरै गल्तीहरु औंल्याउन सकिन्छ । जनसहभागितालाई वेवास्ता गर्नु, सरल समस्यालाई जटिल बनाउनु, बढी खर्च र समय लाग्ने कार्यक्रमहरु बनाउनु, गल्तीहरु हुनु र यी बारम्बार दोहोरिएका छन् । यी गल्तीहरुबाट सिक्नु पर्ने बेला आइसकेको छ र प्रत्यक्ष जनसहभागितालाई बढाउनु परेको छ । विवाद समाधानका लागि प्रजातान्त्रिक संस्कार, जनसहभागिता, स्थानीय शीप, जनशक्तिको विकास, पारदर्शिता, समन्वय, अनुगमन र मूल्याङ्कन जस्ता कुराहरु अपनाउनु पर्छ ।

## मूल सत्र पछिका कार्यसमूहहरु

डा. प्याकुरेलको सम्बोधनपछि जलविरे, बुच्छुङ्ग र बोक्सेका मामिला अध्ययनहरुको प्रस्तुतीकरण भई स-साना समूहमा छलफलको आयोजना गरियो । मामिला अध्ययनमा

उल्लेख भएका बुँदाहरुमा बढी से बढी अन्तरक्रिया गराउनका लागि तीन वटा कार्यसमूहको गठन गरिएको थियो । समूहबाट छानिएको अध्यक्षबाट मूल सत्रमा मामिला अध्ययनहरु र छलफल बारे प्रस्तुतीकरण गरिएको थियो ।

*पहिलो समूह: जलविरे महिला सामुदायिक वन उपभोक्ता समूहका सहभागीहरु:*

- राजेन्द्र प्रधान
- सम्झना प्रेमी
- गीतादेवी तिमिल्सिना
- प्रकाशमणि शर्मा
- जेफल क्याम्पबेल
- खगेन्द्र सिग्देल
- गुण कुमारी घिमिरे
- तारादेवी थापा
- सीता आले
- आशा थापा
- सपना प्रधान मल्ल
- मनोहरलाल श्रेष्ठ

विवादको पृष्टभूमि: यस समूहको अध्यक्षता गर्न सपना प्रधान मल्ललाई चुनिएको थियो । उहाँले आफ्नो प्रस्तुतीकरण जलविरेको विवरण र विवादको प्रारम्भिक स्थितिको बयानबाट शुरु गर्नु भयो । जलविरे महिला सामुदायिक वन गोरखा जिल्लाको खैरेनी बजार नजिकै पर्दछ । यस्को पूर्व र पश्चिममा खैरेनी-गोरखा सडक र उत्तर तथा दक्षिण तर्फ खेती गर्ने जमीन पर्दछन् । यो ठाउँमा तीब्र रुपमा वन विनास हुने गरेको छ ।

बाल बचाऊ कोष (सेभ द चिल्ड्रेन फण्ड) नामको एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाले एक बालिग शिक्षा कार्यक्रम शुरु गर्‍यो । यस कार्यक्रमले महिलाहरुलाई वन-जङ्गलको महत्व बारे सजग गराएर तिनीहरुलाई संरक्षण तरिकाहरुको विकास गर्ने प्रेरणा दियो । सन् १९८९ मा जलविरे महिला सामुदायिक वन समूहको गठन गरियो । यस समूहमा वन नजिकका घर-परिवारलाई सामेल गराई छेउ-छाउका वन-जङ्गलको संरक्षण र विकास गर्न प्रोत्साहित गरियो ।

सन् १९९१ मा श्री ५ को सरकार वन विभागले गोरखामा सार्वजनिक वन क्षेत्र सामुदायिक समूहहरुलाई हस्तान्तरण गर्ने काम शुरु गर्‍यो । बाल बचाऊ कोषले गोरखा जिल्ला वन कार्यालयसंग सम्पर्क गरी यस्को समन्वयमा वन व्यवस्थापन गर्ने

एक संचालन कार्य योजना तर्जुमा गऱ्यो । ४ अप्रिल १९९२ मा यस कार्य योजनालाई जिल्ला वन अधिकृतबाट स्वीकृत गरियो र १६ जून १९९२ मा पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयबाट स्वीकृती दिइयो । वन हस्तान्तरण गरिएताका जलविरे महिला सामुदायिक वन समूह अन्तर्गत २५८ व्यक्ति भएको ४४ घर-परिवार र १७९ बस्तु-भाउ थिए ।

संचालन कार्य योजनाको विपरीत काम हुन थाल्नाले विवाद शुरु हुन थाल्यो । कार्य योजना अनुसार देहायको व्यवस्था रहेको थियो:

- एउटा पाटी बनाउन सन् १९९२ को बर्षमा एक सालको रुख काट्ने ।
- सन् १९९३ मा काठ उत्पादन गर्ने कुनै रुख नकाट्ने ।
- सन् १९९४ मा दुई वटा रुख काट्न सकिने ।
- सन् १९९५ मा चार वटा रुख काट्न सकिने ।
- सन् १९९६ मा पाँच वटा रुख काट्न सकिने ।

यस्ता बन्देजहरु राख्दा पनि जनवरी १९९२ मा १६६.२१ क्यू.फि. काठ कटानी गरियो । यो छिप्पिएका रुखहरु काटी नयाँ रुख रोप्नका लागि गरिएको थियो । जलविरे महिला सामुदायिक वन समूहको भनाईमा यो कटान जिल्ला वन अधिकृतको सुपरिवेक्षण र निर्देशनमा गरिएको थियो तर यस बारे कुनै लिखित आदेश भने थिएन । यस्तो कटानी गर्नु वन व्यवस्थापनका लागि उचित भएको स्विकारे तापनि जिल्ला वन कार्यालयका अधिकृतहरु आदेश दिए नदिएको बारे केही भन्न चाहँदैनन् र विवाद खडा भएको केही समयपछि सम्वन्धित जिल्ला वन अधिकृतको सरुवा भयो ।

स्थानीय काठ ठेकेदारहरुले कटानी भएको काठ किन्न खोजे भने सामुदायिक वन समूहले ती काठ राम्रो मूल्य पाइने हुँदा काठमाडौंमा बिक्री गर्न चाहे । यसबाट विवाद झन् बढ्दै गयो । ठेकेदारहरुको निहित स्वार्थले गर्दा महिला समुदायप्रति विपरीत जन-विश्वास बढ्न गयो र कुनै पनि स्थानीय निकायले विवाद समाधान गरी दिने प्रयास गरेन ।

२३ अप्रिल १९९२ मा जिल्ला वन अधिकृतले पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयलाई आवश्यक कारवाई गरी दिन अनुरोध गऱ्यो । सात महिनापछि त्यहाँबाट यो काम तिनीहरु अन्तर्गत नपर्ने जवाफ आयो । अप्रिल १९९३ मा वन तथा भू-संरक्षण मन्त्रालयमा एक छानवीन टोली गठन गरियो । ५ मई १९९३ मा छानविन प्रतिवेदन पेश गरिएको भए तापनि रुख कटानी भएको झण्डै दुई बर्ष

पछि ३१ अप्रिल १९९४ मा अन्तिम निर्णय आयो । यस बेलासम्म २५ प्रतिशत जति काठ कुहिएर गई सकेको थियो ।

<u>वन विभागको निर्णय र यस्को असर:</u> विवादमा परेको काठबाट हुने सबै आम्दानी वन संरक्षण र सम्बर्द्धनमा उपयोग गर्नु पर्छ भन्ने निर्णयको भनाई थियो । तर वन क्षेत्र सानो भएकोले अतिरिक्त आम्दानी यस्मा उपयोग गर्न सकिने अवस्था छैन ।

- आउँदो पाँच बर्षसम्मका लागि कुनै रुख काट्न नपाइने भन्ने निर्णय थियो ।
- निर्णय अनुसार शुरुको कार्य योजनालाई संशोधन गर्नु पर्ने र साथै उपभोक्ता समितिलाई पुनर्गठन गर्नु पर्ने थियो ।
- नयाँ कार्य योजना संशोधन गर्ने र नवीकरण गर्ने ब्यवस्था हटाइएको छ ।
- नयाँ कार्य योजना अन्तर्गत वनबाट हुने आम्दानीको ७५ प्रतिशत वन संरक्षण र सम्वर्द्धनका लागि खर्च गर्नु पर्ने भनिएको छ जव कि १९९१ को कार्य योजना अन्तर्गत आम्दानीको २५ प्रतिशत वन विकास कार्यमा खर्च गर्नु पर्ने र बाँकी समुदायको आफ्नै निर्णय अनुसार उपयोग गर्न पाइने ब्यवस्था रहेको थियो ।

यस स्थितिले गर्दा अहिले महिला समुदायमा अनिश्चितताको भावना बढ्न गई वन विभाग प्रति तिनीहरुको श्रम र प्रयासबाट वन ब्यवस्थापन गर्दा पनि नयाँ निर्णयले गर्दा लामो समयसम्म यसबाट फाइदा लिन नपाइने स्थिति हुन गएको र यसबाट वनको आम्दानी सामुदायिक विकास र अन्य सामाजिक कार्यमा प्रयोग गर्न कटौती गरिएको महसूस गरेका छन् । यस विवादले गर्दा महिलाहरुले घर-परिवार र समुदायमा आफ्नो बेइज्जती हुन गएको स्थिति भोगेका छन् । यो विवादलाई स्थानीय पुरुषहरुले महिलाहरुको खेदो खन्ने निहुँको रुपमा लिन थालेका छन् ।

महिलाहरुबाट वन संरक्षण र समुचित ब्यवस्थापनका लागि गरिएको प्रयासका फलस्वरुप वन क्षेत्र फस्टाउन थालेको थियो । तर विवाद र अन्य समस्याहरुले गर्दा महिलाहरुको प्रतिबद्धतामा नकारात्मक असर पर्न गयो । वन क्षेत्र फेरि खुला चरन क्षेत्रको रुपमा परिणत भयो भने वन फस्टाउनको सट्टा झन्-झन् विनास हुँदै जाने छ ।

<u>कानूनी कुराहरु:</u> उपभोक्ता समूहको गठन र दर्ता गर्ने अधिकार भएको वन विभागले यस्लाई विघटन पनि गर्न सक्छ । वन विभागको विरोधमा उठ्ने विवादका सम्वन्धमा विभाग विवादको एक पक्षको रुपमा रहनुका साथै निर्णयकर्ताको रुपमा पनि रहेको हुन्छ र यो स्थिति प्राकृतिक न्याय विपरीत हो ।

- कार्य योजनामा विवाद उठेमा समाधान गर्न सकिने ब्यवस्था छैन ।

- कार्य योजना सम्वन्धमा दर्ता मिति, स्वीकृती मिति र वन हस्तान्तरण मिति गरी तीन तीन वटा मिति हुन गएबाट कार्य योजना प्रारम्भ कहिलेदेखि भयो त भन्ने कुरा अलमल र अस्पष्ट हुन पुगेको छ ।

सुझावहरु:

- विवाद समाधान बारे उचित समयभित्र निर्णय हुनु पर्छ ।
- कार्य योजना लागू भएको मिति स्पष्ट हुनु पर्छ र दर्ता मिति र उपभोक्ता समूहलाई वन हस्तान्तरण मिति बीचको समयावधि सकभर कम पार्नु पर्छ ।
- खर्च गर्ने बारे निर्णय गर्नु अघि सदस्यहरु बीच सावधानीका साथ बिचार विमर्श हुनु पर्छ ।
- कार्यक्रममा काम गर्ने स्वयम् सेवकहरुलाई थोरै भए पनि पारिश्रमिक दिनु पर्छ।
- वन विभागले विवाद सम्वन्धी निर्णय गर्दा सबै पक्षहरुको राम्ररी छानवीन गरेर मात्र निर्णय गर्नु पर्छ ।
- उपभोक्ता समूहले सावधानीपूर्वक आफ्नो कार्य योजना बनाउनु पर्छ र सोही अनुसार काम गर्नु पर्छ । जिल्ला वन अधिकृतसंग सम्पर्क राख्दा र निर्देशन लिन्दा लिखित रुपमा काम कारवाई गर्नु पर्छ ।

सामुहिक छलफल: जलविरे महिला सामुदायिक वन समूहले वन-पैदावारको आफूलाई परेको खाँचो र विवादको कारणबाट भोग्नु परेका समस्याहरुको बयान गरे । जिल्ला वन अधिकृतबाट रुख काट्न दिइएको निर्देशन कार्य योजनाको विपरीत भएको र लिखित रुपमा समेत नभएको कुरालाई मुख्य समस्याको रुपमा लिइयो । राम्ररी कागज-पत्र राख्नु र कटानी र बिक्री सम्वन्धमा जिल्ला वन कार्यालयबाट लिखित रुपमा निर्णय प्राप्त गर्ने व्यवस्था गरी यस प्रकारका विवाद उठ्न नदिन आवश्यक भएको ठानियो ।

कार्य योजना बनाउनुअघि सावधानीपूर्वक बिचार पुर्‍याउनु पर्ने कुरामा जोड दिइयो। जिल्ला वन कार्यालयले पनि कार्य योजना तर्जुमा गर्दा सबै आवश्यक जानकारीहरु सङ्कलन गर्नु पर्दछ । यस वन क्षेत्रको कार्य योजना उपभोक्ता समूहका सबै सदस्यहरुले बुझ्न सक्ने गरी स्पष्ट हुनु पर्छ । आवश्यकता अनुसार संशोधनका लागि स्पष्ट व्यवस्था पनि कार्य योजनामा हुनु पर्छ ।

सामुदायिक वनको सही स्वामित्वका सम्वन्धमा र वन हस्तान्तरण गरिएको सम्वन्धी प्रश्नको जवाफ दिँदै वन विभागका एक सहभागीले प्रष्ट पार्दै भन्नु भयो वन ऐन अनुसार वनको जमीनको स्वामित्व सरकारसंग रहन्छ र वन हस्तान्तरणको मतलव वनको व्यवस्थापन सम्वन्धी काम कारवाई समुदायलाई जिम्मा दिइएको हो । वन

उपभोक्ता समूहको क्रियाकलापलाई बढावा दिनका लागि वन हस्तान्तरण गर्ने गरिएको हो । २०४९ को वन ऐनले वन उपभोक्ता समूहलाई एक व्यवसायको रुपमा बिस्तार गरी व्यापारिकस्तरमा काठको कारोवार गर्नसम्म पनि छूट दिन सक्ने व्यवस्था गरेको छ । बर्तमान ऐनले काठलाई सम्पतिको रुपमा मानेको छ र यसलाई बैंकहरुबाट ऋण लिन परेमा पनि धितो राख्न सकिने व्यवस्था छ ।

महिला वन उपभोक्ताहरुले सामना गर्नु परेका समस्याहरु तर्फ छलफल केन्द्रित रह्यो । सामुदायिक वनमा महिलाहरुको सहभागितालाई नकारात्मक रुपमा नहेरी प्रशंसा र प्रोत्साहन गर्नु पर्छ भन्ने धारणा व्यक्त गरियो ।

केही सहभागीहरुले सरकारद्वारा पर्याप्त अध्ययन, मूल्याङ्कन र सम्पर्क नगरी उपभोक्ता समूह गठन गर्न बढी जोड दिइएको छ भन्ने मन्तब्य प्रकट गरे । यसबाट सरकारी नीति र काम कारवाई प्रति अविश्वास बढन गई विपरीत परिस्थिति उत्पन्न हुन सक्ने सम्भावना रहेको कुरा पनि ब्यक्त गरियो । वन हस्तान्तरण समयमा र ठीक तरिकासंग गरिनु पर्छ र यसलाई प्रभावकारी रुपमा सम्पन्न गर्न वन अधिकृतहरु र रेन्जरहरुलाई तालिम दिनु पर्दछ ।

कार्य योजना एकदम स्पष्ट हुनु पर्छ । यसमा क्रमश: वनबाट लाभ आर्जन हुन थालेपछि पर्न सक्ने विवाद समाधान गर्ने स्पष्ट ब्यवस्था हुनु पर्छ । विवादहरुलाई स्थानीय-स्तरमा नै समाधान गर्ने प्रयास हुनु पर्छ । स्थानीय-स्तरमा विवाद समाधान हुन नसके मात्र माथिल्ला तहका अधिकारी समक्ष जानु पर्छ । अर्का एक सहभागीले विवाद समाधानका लागि तेश्रो पक्षले मध्यस्थताको कार्य गर्नु पर्ने सुझाव प्रकट गरे।

समूहका केही सदस्यहरुले वन विभागले उपभोक्ता समूह गठन गर्ने, सुपरिवेक्षण गर्ने र उपभोक्ता समूह विघटन गर्ने मात्र नभई माथिल्ला तहहरुमा उजुरी सुन्ने काम समेत गर्ने गरेको हुँदा विभागीय पूर्वाग्रह उत्पन्न हुन सक्ने आशंका पनि ब्यक्त गरे । यस कुरामा वन विभागका एक अधिकृतले कडा असहमति जनाउदै यो स्थिति उजूर गर्ने अदालतका विभिन्न तह जिल्ला, अञ्चल र सर्बोच्च अदालत भए जस्तै हो भन्ने कुरा ब्यक्त गरे ।

*दोश्रो समूह: बुच्छुङ्ग वन समूहका सहभागीहरु:*

- विष्णुराज उप्रेती
- कल्पना धिमिरे
- कान्छी म्लोन
- जगदीशचन्द्र पोखरेल
- पि.वि.क्षेत्री

- हरिकृष्ण उपाध्याय
- नेत्र तुम्बाहाङ्फे
- द्रोण के.सी.
- एन.पी.यादव
- पल कप्लान
- नारायणकाजी श्रेष्ठ
- लक्ष्मी लामा
- सन्तोष विक्रम शाह
- हुस्न वानु शेख

पृष्ठभूमि: यस समूहको अध्यक्षता गर्न जगदीश पोखरेललाई छानियो र उहाँले मूल सत्रमा मामिला अध्ययन प्रतिवेदन प्रस्तुत गर्नु भयो । बुच्छुङ्ग वन पश्चिम नेपालमा धौलागिरी पर्वत श्रेणीको दक्षिण पट्टि बागलुङ्गबाट करीव तीन घण्टाको हिंडाई पर स्थित छ । यो दुई गाउँ विकास समिति सिमाना र रेसा बीच रहेको करीव ५० हेक्टर क्षेत्रफलको सल्लाको वन हो । सन् १९६१ सम्म यो वन एउटै वन क्षेत्र भित्र एक जना मुखियाको रेखदेखमा रहेको थियो । समुदायले एक वन-पाले राखेको थियो र वन उत्पादन सङ्कलन गर्न अनुमति लिनु पर्ने व्यवस्था गरिएको थियो ।

सन् १९६१ मा सिमाना र रेसालाई समेत मिलाई सो प्रशासनिक क्षेत्रलाई विभिन्न पाँच वटा गाउँ विकास समितिमा बाँडियो । त्यस बेलादेखि आ-आफ्नो सिमाना भित्र वन क्षेत्रलाई पार्नका लागि ती गाउँ विकास समिति (गा.वि.स) बीच विवाद रही आएको छ । सन् १९८८।१९८९ मा विवादका कारणबाट वनमा नोक्सानी पुग्ने सम्भावना देखेर जिल्ला वन अधिकृतले त्यो वन क्षेत्रलाई सोझै आफ्नो सुपरिवेक्षणमा राखे । स्थानीय प्रशासकहरु जिल्ला वन अधिकृत र प्रमुख जिल्ला अधिकारीले ती गा.वि.स. का समुदायलाई साझा रुपमा वन प्रयोग गर्न प्रोत्साहित गरे तापनि गा.वि.स.हरु सहमतिमा पुग्न सकेनन् । वन विभागका वन-पालेहरुले वनको निगरानी गर्न थाले र समुदायबाट वन-पालेको नियुक्त हुने गरेको प्रथा टुट्यो । स्थानीय जनताको बिचारमा त्यसै बखतदेखि वनको स्तर विनाश हुँदै गएको हो भन्ने धारणा छ ।

नेपालको बिकेन्द्रीकरण कार्यक्रम अनुसार गा.वि.स. र वडाहरु स्थानीय विकासका आधारभूत इकाई हुन्, तापनि वन उपभोक्ता समूहहरु सामुदायिक वन विकास कार्यक्रमका आधारशीला हुन् । धेरै ठाउँहरुमा एक वन क्षेत्रका उपभोक्ता र वनको क्षेत्र एक भन्दा बढी गा.वि.स.मा पर्ने गरेको पाईन्छ । उपभोक्ता र वन क्षेत्र बीचको यस प्रकारको जटिल स्थितिले गर्दा नेपालमा धेरै विवादहरु उठ्ने गरेको पाईन्छ । वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काममा वन

विभागका स्थलगत कर्मचारीहरुले निकै कठिनाई ब्यहोर्नु पर्ने हुन्छ । वन विभागको नीति अनुसार प्रशासनिक सिमाना जे जसो भए पनि उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्ने गरिन्छ ।

बुच्छुङ्ग वन कानूनी तवरले उपभोक्ता समूहलाई हस्तान्तरण नभइसके तापनि त्यहाँ एउटा उपभोक्ता समुदाय पहिलेदेखि नै रही आएको छ । बुच्छुङ्ग वन प्रयोग गर्नेहरुमा सिमाना र रेसा दुबै गा.वि.स.का उपभोक्ताहरु पर्दछन् तर दुवै गा.वि.स.का सबै घर-परिवारले भने सो वन प्रयोग गर्दैनन् । सिमाना र रेसाका करीव एक चौथाई घर-परिवारले मात्र बुच्छुङ्ग वन प्रयोग गर्दछन् । सिमानाका दुई गाउँ र रेसाका एक ठाउँका वासिन्दाहरुका लागि वन-पैदावार र चरनको रुपमा उपभोग गर्न बुच्छुङ्ग बाहेक अर्को वन क्षेत्र उपलब्ध छैन । एउटै वनमा भर पर्नु परेका उपभोक्ताहरु बेग्ला-बेग्लै स्थानीय विकास क्षेत्रमा पर्न गएकाले वन प्रयोग सम्वन्धमा तिनीहरु बीच समझदारी कायम हुन सकेको छैन । उपभोक्ता समूहहरु स्वायत्त संस्थाका रुपमा रही सामुदायिक वन विकास कार्यक्रमहरुमा समन्वय ल्याई काम गर्नु नै एक मात्र विकल्प हुन सक्छ ।

विवादको असर: यस विवादको फलस्वरुप जिल्ला वन अधिकृतहरु दुई वटा मुख्य विवादपूर्ण निर्णय गरे । शुरुमा वन-पैदावार सङ्कलन गर्न सम्वन्धित गा.वि.स.को सिफारिस चाहिने ब्यवस्था थियो । पछि गएर यो ब्यवस्था रहेन र वन क्षेत्र सोझै जिल्ला वन अधिकृतको नियन्त्रणमा लिइयो । दोश्रो निर्णयले गर्दा साविक अनुसार वन-पालेको ब्यवस्था गर्ने स्थानीय परिपाटी टुट्न गयो र फलस्वरुप वनको प्रयोग हचुवा रुपले हुन थाल्यो । त्यस बेलादेखि बाहिरी ब्यक्तिहरु विशेष गरी जिल्लाका केन्द्रहरुका ब्यक्तिहरुले जिल्ला वन कार्यालयबाट बुच्छुङ्ग वनका काठ उपलव्ध गर्ने इजाजत लिन थाले ।

स्थानीय समुदायका सदस्यहरु वनको स्थिति नाजुक भएको महसुस गर्दछन् । अब आएर आफ्नो आवश्यकताका लागि बुच्छुङ्ग वनको पैदावार चोरी गरेर मात्र उपयोग गर्ने गरेको कुरा तिनीहरु बताउँछन् ।

जिल्ला वन कार्यालयका कर्मचारीहरु उपभोक्ताहरुलाई त्यो वन सुम्पी दिए विवाद समाधान हुन सक्ने कुरा बताउँछन् तर यस विवादबाट उपभोक्ता समूह गठन कार्यमा वाधा पुग्न सक्ने पनि तिनीहरु ठान्दछन् । सन् १९९३ मा स्थलगत कर्मचारीहरुले गाउँका विभिन्न बैठकहरुमा स्थानीय जनतालाई सरकारको सामुदायिक वन नीति बारे जानकारी दिए । यो काम चालू भइरहन सकेन तर कर्मचारीहरु यो सर-सल्लाहको कामलाई पुन: शुरु गर्ने कार्यक्रम बनाउँदैछन् ।

विश्लेषण र निष्कर्ष: देशको प्रशासनिक संरचना फेरबदल गर्दा प्राकृतिक साधनका क्षेत्रलाई पनि निर्दिष्ट गर्नु पर्ने कुरामा राम्ररी ध्यान पुगेन । यसले गर्दा विवादहरु खडा भए । स्थानीय जनताले के सोचाई राख्दछन् भने एक प्रशासनिक क्षेत्रमा पर्ने वन अर्को प्रशासनिक क्षेत्रका ब्यक्तिले प्रयोग गर्नु हुँदैन । इच्छुक समूह र भौगोलिक क्षेत्रसंग मेल खाने गरी विभिन्न किसिमका वन उपभोग प्रणाली कायम गर्नु आवश्यक छ र यसो गर्दा मुनाफाको उद्देश्य मात्र नलिई जन-साधारणको आधारभूत खाँचो पूर्ति हुन सक्ने गरी उचित प्राथमिकता दिनु पर्छ ।

वन संसाधनका सम्वन्धमा हालको नीति उपभोक्ता समूहलाई वन ब्यवस्थापन गर्न दिने रही आएको छ । यो नीतिलाई प्रष्ट पार्दा दुवै विवादी समूहले प्रशासनिक सिमाङ्कनलाई नहेरी सो वनको मौजुदा क्षेत्र स्थानीय उपभोक्ताहरुको जिम्मा दिने हो भने समस्या समाधान हुन जाने बिचार ब्यक्त गरे । विवादको जरो सरकारी नीतिसंग गाँसिएको हुँदा सम्वन्धित जिम्मेवार निकायले मध्यस्थता गर्ने पहल गर्नु पर्दछ ।

विवाद शुरु भएदेखि त्यस्को समाधानका लागि समुदायका सदस्यहरु जिल्ला सदरमुकामका प्रशासनिक कार्यालयहरुमा र काठमाडौंमा धाईरहेका छन् । तथापि अधिकारीवर्गले समुदायका विवादी वर्गलाई विवाद हटाउन सघाउनु वा मध्यस्थता गरी दिनुको साटो आफैले नै विवाद बारे निर्णयहरु गरे । अधिकारीवर्गको विवाद समाधानको तरिका मध्यस्थता गरी सहमतिमा ल्याउने किसिमको नभई दुबै वादी प्रतिवादीको बयान सुनेर फैसला गर्ने अदालतले अपनाए जस्तै हुन गयो ।

विवादमा संलग्न वर्गनै विवाद समाधान सम्वन्धमा निर्णय लिने वर्ग हुनु पर्छ । स्थानीय नेताहरुबाट विवादलाई राजनीतिकरण गर्ने वा ब्यक्तिगत रुपमा लिने परिपाटी त्यागनु पर्छ । सामुदायिक वन सम्वन्धी नीति र कानून प्रति सचेतता जगाएर विभिन्न गुटहरु बीच स्पष्ट अन्तरक्रिया र खुला वार्ताको माध्यमबाट सहमतिको प्रक्रिया अघि बढाइनु पर्दछ ।

समूहगत छलफल: यस विवादबाट नयाँ नियम बनाउनुअघि पुराना र मौजुदा वन उपयोग ब्यवस्था बारे राम्ररी छानविन गर्न आवश्यक भएको र वन संसाधनको अपर्याप्तता मात्र विवादको कारण होइन भन्ने कुरा बुझ्नु परेको स्थिति स्पष्ट छ । साधनहरु पर्याप्त हुँदा-हुँदै पनि विवाद उठ्न सक्छ । सरकारले प्रशासनिक सिमाङ्कन गरेपछि यो विवाद शुरु भयो । उपभोक्ताहरु स्वयम् नै सरकार र राजनैतिक ब्यक्तिहरु प्रति संशंकित हुन पुगे । कुनै अर्को पक्षतिर मिलेको भनी स्थानीय अधिकारीहरुलाई धम्की दिइने गरेको पनि पाइयो । स्थानीय ब्यक्तिहरु के

ठान्दछन् भने राजनीतिक व्यक्तिहरुको जे जस्तो जिकिर वा तर्क भए पनि तिनीहरुको मूल समस्या त काठ-पात र चरनको खाँचो नटर्नु नै हो ।

श्री ५ को सरकारको एक आपसमा बाँझिने नियम कानून बीच समन्वय हुन नसक्नुबाट नै समस्या शुरु भएको हो । सहभागीहरुले के महसूस गरे भने श्री ५ को सरकारले नियम बनाउँदा जन-सहभागिताको प्रक्रिया अपनाउनु पर्छ र नियमहरु सबैले बुझ्ने किसिमले सरल र स्पष्ट हुनु पर्दछ ।

विवाद समाधानका लागि सहभागिता जुटाउनु नै आफैमा एक समस्या बन्न पुगेको छ । वन-पैदावार नपाइनाले सबभन्दा बढी दुःख पाउने वर्ग महिलाहरु नै भएको र तिनीहरुले सहभागी हुन ईच्छा गरेको भए तापनि तिनीहरुको सहभागिता गराईदैन र के कसो भैराखेको छ त्यस बारे तिनीहरुलाई थाहा पनि हुँदैन । केही सहभागीले के पनि व्यक्त गरे भने उपभोक्ता समूहको अवधारणाबाट सामान्यतया शक्तिशाली वर्ग मात्र लाभान्वित हुन पुगेको छ । विगतमा सिमाना र रेसाका सामुदायिक सदस्यहरु सामाजिक कार्यक्रममा, धार्मिक कार्यमा र मेला-पातमा साथै सम्मिलित हुने गर्थे तर अब त्यस्तो स्थिति रहेन । स्थापित भई आएको सानो संस्थागत स्वरुप अब आएर विवाद समाधान गर्न असक्षम हुने गरी निष्क्रीय बन्न पुगेको छ ।

*तेश्रो समूह: बोक्से-महादेवस्थान वन समूहका सहभागीहरु:*

- मिना पौडेल
- देवी अधिकारी
- मायादेवी खनाल
- विनोद देवकोटा
- केशवमान शाक्य
- पूर्णशोभा चित्रकार
- मनोहरलाल श्रेष्ठ
- रमेश खड्का
- गोपाल शिवाकोटी
- जिवभक्त श्रेष्ठ
- हरि सापकोटा
- एस.एन.चौरसिया
- सविता कोइराला
- तारा सापकोटा
- शारदा खरेल
- घनेन्द्र काफ्ले

- के.वी. श्रेष्ठ
- उकेश राज भुजू

यस समूहको अध्यक्षमा छानिनु भएकी शारदा खरेलले मूल सत्रमा मामिला अध्ययन प्रतिवेदन प्रस्तुत गर्नु भयो । यस अध्ययनमा एक जना क्षेत्रलाई कानूनी रुपमा गठीत वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्न जिल्ला वन कार्यालयको सक्रियतामा समाधान गरिएका दुई विवादहरु समावेश छन् । एउटा विवाद उपभोक्ता समिति बनाइएको त्यही गाउँ विकास समिति (गा.वि.स) भित्र कै थियो । यस विवादमा शुरुदेखि वन ब्यवस्थापन र संरक्षण कार्यमा सामेल नभएका ब्यक्तिहरुलाई सदस्यता दिने वा नदिने भन्ने प्रश्न खडा भएको थियो । अर्को विवाद चाहिं दुई गा.वि.स बीचको थियो । यी दुवै गा.वि.स आठ हेक्टर वन क्षेत्रको स्वामित्व र सिमाङ्कनसंग सम्वन्धित कुराको विवादमा रहेका थिए ।

बोक्से-महादेवस्थान वन काठमाडौंदेखि ४५ कि.मि. उत्तर पूर्वतिर काभ्रे जिल्लाको एक ठूलो सालको प्राकृतिक वनको भाग होक्से-बोक्से वन क्षेत्रको हिस्सा हो । शताव्दियौंसम्म नचलाइएको यो वनको सन् १९०० को शूरुतिर विनास शुरु भयो। जनसंख्याको चाप, सन् १९३३ (वि.सं. १९९०) को भूकम्प पश्चात्को पुनर्निर्माण कार्य, सन् १९३८ मा सडक निर्माणले गर्दा यस वनको छिटो छिटो विनास हुन थाल्यो ।

सन् १९८६ सम्ममा वन ब्यापक रुपमा विनास भइसकेको थियो र महावेदस्थान गा.वि.स.का सदस्यहरुले त्यस भेकमा बाँकी रहेको वन क्षेत्रलाई कसरी जोगाउने भन्ने सम्वन्धमा छलफल गरे । जिल्ला वन कार्यालयसंग सहयोग मागेपछि तिनीहरुले २० हजार बेर्ना रोपे भने जिल्ला वन कार्यालयबाट ती विरुवाको संरक्षण गर्न तीन बर्षका लागि वन-पाले उपलव्ध गराउन सकिने कुरा अवगत गरे ।

महादेवस्थान वडा नं १ ले वन समुदायको रुपमा कार्य गरी वृक्षारोपण र संरक्षण गर्ने जिम्मा लियो । सन् १९८८ मा २० हजार विरुवा रोपेर त्यस्को ब्यवस्था मिलाउन एक अनौपचारिक समिति पनि बनाइयो । अन्य वडाका जनता यस कार्यमा सहभागी भएनन् र त्यसतर्फ वनको स्थिति झन्-झन् बिग्रन्दै गयो ।

सन् १९९१ मा होक्से-बोक्से वन क्षेत्रलाई वास्तविक उपभोक्ताहरुले ब्यवस्थापन र नियन्त्रण गर्ने गरी हस्तान्तरण गर्न जिल्ला वन कार्यालयले प्रोत्साहित गर्न थाल्यो। वन उपभोक्ताको पहिचान गरी वन क्षेत्रको नक्सा पनि खिचियो । सरकारी नीतिबारे जानकारी गराउन आयोजित एक गाउँस्तरीय कार्यशालामा वन ब्यवस्थापन कार्यलाई सुगम बनाउन वन क्षेत्रलाई नौ वटा भागमा विभाजित गर्ने निर्णय गरियो।

बोक्से-महादेवस्थान वन क्षेत्रका जनताले पहिले नै अनौपचारिक रुपमा संरक्षण कार्य थालिसकेकाले जिल्ला वन कार्यालयले पहिले त्यो वन हस्तान्तरण गर्ने काम शुरु गऱ्यो । त्यस हस्तान्तरण प्रक्रियामा उठ्न गएको विवादले गर्दा हस्तान्तरण गर्ने र लिने काम पूरा हुन एक बर्ष भन्दा बढी समय लाग्न गयो ।

महादेवस्थान भित्रैको विवाद: बोक्से वनको विभाजन पछि पहिलो विवाद महादेवस्थान गा.वि.स. भित्रनै उठ्न गयो । जनवरी १९९२ मा कानूनी रुपमा वन हस्तान्तरण काम शुरु गर्न एउटा बैठक नबस्दासम्म एक नं वडाका सदस्यहरु मात्र वन संरक्षण कार्यमा लागेका थिए । अरु वडाका जनताले एक नं वडालाई वन हस्तान्तरण गर्न लागिएको कुरा थाहा पाएपछि वनको त्यस भागको उपभोग गर्ने आफ्नो पनि अधिकार भएको भनी विरोध शुरु गरे । तर वडा नं एकका सदस्यहरुको भनाईमा अरु वडाका जनताले वन व्यवस्थापन र संरक्षण कार्यमा कुनै योगदान नपुऱ्याएकोले तिनीहरुलाई वन उपभोग गर्न दिन नहुने कुरामा जोड दिन थाले ।

सामुदायिक वन व्यवस्थापन नियमावली अनुसार अन्यत्र वनमा पहुंच नपाएका जनताहरुलाई तिनीहरुले सबभन्दा नजिकको वन उपभोग गर्न चाहेमा र व्यवस्थापन गर्ने जिम्मेवारी बहन गर्न तयार भएमा वन प्रयोग गर्ने हक दिनु पर्ने व्यवस्था भएको कुरा स्पष्ट गरेर त्यो विवादलाई रेन्जरले समाधान गरे । अन्य वडाका सदस्यहरुले पहिले वनको अरु क्षेत्र प्रयोग गरी आएका भए तापनि कुनै विशेष समुदायको प्रयोगका लागि प्रत्येक वन क्षेत्र खुला राखिने व्यवस्था थिएन । तसर्थ यी सबै वन क्षेत्रमा तिनीहरुको पहुंच हुन सक्ने स्थिति रहेन ।

भविष्यमा उपभोक्ता बन्न सक्ने गरी काम गर्न राखिएका शर्तहरुलाई शुरुमा तिनीहरुले मानेका भए तापनि त्यस क्षेत्रको भ्रमणबाट के थाहा भयो भने अन्य वडाहरुबाट कमै जनताले मात्र त्यो वन क्षेत्र प्रयोग गर्ने गरेका रहेछन् । तिनीहरुले वन-पालेलाई दिनु पर्ने शुल्क पनि दिएका रहेनछन् । हालका उपभोक्ताहरु के भन्दछन् भने अरुले वन उपभोग गर्ने भए पहिले तिनीहरुले तिर्नु पर्ने पुरानो शुल्क चुक्ता गर्नु पर्छ । यो कुरामा सम्भवत: पछि उठ्न सक्ने झगडाको बिऊ रहेको हुन सक्छ ।

महादेवस्थान र अनएकोट गा.वि.स बीचको विवाद: विभिन्न नापी टोलीहरुबाट सर्भे गरी रेखाङ्कन गरिएको महादेवस्थान र अनएकोट गा.वि.स. बीचको विभिन्न सिमारेखाका कारणबाट आठ हेक्टर वन क्षेत्रका लागि विवाद रही आएको थियो। बोक्से वनको विभाजन र बोक्से-महादेवस्थान वनलाई महादेवस्थान गा.वि.स.ले प्रयोग गर्ने व्यवस्था हुन गएबाट पुरानो विवाद झन् चर्कियो । दुई समुदाय बीच विवाद

समाधानका लागि धेरै महिनासम्म मध्यस्थता गर्दा पनि विवाद नसुल्भेको रेन्जरले विवाद समाधानका लागि अरु उपायहरु गर्न थाले। रेन्जरले विवाद भएको त्यस ठाउँमा ६० घर-परिवारको एक समुदाय बसाईं सरी आएर बस्ने गरेको कुरो थाहा पाए । तिनीहरुको नाम दुवै गा.वि.स.को मतदाता सूचिमा परेको थियो । ती बसाई सरी बस्ने गरेकाहरु जुन गा.वि.स. अन्तर्गत रहन चाहन्छन् त्यहीं गा.वि.स.मा त्यो वन क्षेत्र पर्न जाने स्थिति थियो । तिनीहरुले अनएकोट गा.वि.स. अन्तर्गत बस्ने निर्णय गरे र त्यो आठ हेक्टर वन क्षेत्र अनएकोटमा पर्ने गरी सीमाङ्कन गरियो। महादेवस्थानका बासिन्दाले त्यो निर्णयलाई माने र त्यसपछि सीमा सम्वन्धी चली आएको विवाद साम्य भयो । यसबाट बोक्से-महादेवस्थान वन क्षेत्रलाई हस्तान्तरण गर्ने काम पूरा भयो ।

सामुहिक छलफल: विवाद सम्वन्धमा भएको छलफलबाट रेन्जरको प्रयासमा मूल विवाद समाधान गरिएको भए तापनि अझै केही समस्या बाँकीनै रहेको कुरा प्रष्ट हुन आयो । उदाहरणका लागि उपभोक्ता समूहले तय गरेको शुल्क केही घर-परिवारले तिरेनन् । दुई किसिमका सदस्य रहने ब्यवस्था थियो । एक थरीका सदस्यहरु वनको नियमित उपभोक्ता थिए भने अर्को थरीका सदस्यहरु केही वन-पैदावारका लागि पटके प्रयोगकर्ताका रुपमा रहेका थिए । शुल्क नतिर्ने समस्या यस दुई किसिमको सदस्यता ब्यवस्थाबाट समाधान हुन सकेन । यसले गर्दा शुल्क नतिरी वन प्रयोग गर्नेहरुका कारणबाट वन-पालेलाई कसरी तलव दिने भन्ने समस्या पर्न गयो ।

कुन चाहिँ जातीय समूहले पैसा तिर्दैनन् र पैसा नतिर्ने कारण के हो भन्ने कुरामा समूहका सदस्यहरुको अलग-अलग भनाई थियो । यस स्थितिको सामना गर्न विभिन्न सुझावहरु प्रस्तुत गरिए । यी सुझावहरुमा अरु आय श्रोतहरु खोज्ने जस्ता कुराहरुदेखि जन-जागरण पैदा गर्ने कार्यक्रमहरु संचालन गर्नु पर्ने जस्ता कुराहरु उठे।

एक उपभोक्ता सदस्यले चुलो तालिम कार्यक्रमबाट जन-जागरण बढाउन सघाउ पुगेको कुरा बताए । गा.वि.स.का सदस्यहरु र उपभोक्ता समूहका सदस्यहरुलाई समावेश गरी एक बैठक गर्नु पर्ने बिचार पनि ब्यक्त गरियो ।

दोश्रो समस्या वन क्षेत्रको एक सानो भागमा रहेको सैनिक क्षेत्रसंग सम्वन्धित छ। सैनिकहरुले वन क्षेत्रमा अभ्यास गर्दा तीन पटक वनमा आगो लागी सकेको थियो। सैनिकहरु आफू तर्फको वन क्षेत्रमा मात्र सीमित रहन नसके जस्तो बुझियो । उपभोक्ता समूह र सैनिक बीच केही कुराकानी भएको भए तापनि त्यस्को अनुगमन भने गरिएको छैन ।

एक उपभोक्ता सदस्यले मूल सत्रमा सहभागीहरु समक्ष यो समस्या कसरी समाधान गर्ने भन्ने बारे सुझाव दिन आग्रह गरे । यो विवादको उपभोक्ता समूहस्तर गा.वि.स.-स्तर वा मन्त्रि-स्तर कुन स्तरमा समाधान हुन सक्छ त ? यस बारे उपभोक्ता समूहले हालसम्मका सबै विवरण सङ्कलन गरी वन विभागलाई मन्त्रि-स्तरमा पेश गरेर विवाद समाधानका लागि पहल शुरु गर्नु पर्ने सुझाव व्यक्त गरियो ।

## गोष्ठीको मूल सत्र

सामुहिक छलफल र सानो विश्रामपछि सबै सहभागीहरु त्यस दिनको मूल सत्रमा सम्मिलित भए । मूल सत्रमा दुई वटा प्रस्तुतीकरण गरिए र तिनमा छलफल पनि भयो ।

*नेपाल सामुदायिक मध्यस्थता अध्ययन*

प्रस्तुतकर्ता: पल कप्लान, एशिया फाउण्डेशन

यो अध्ययन अमेरिकी सहयोग नियोग (यू.एस.ए.आइ.डी.) को अनुदानमा एशिया फाउण्डेशनले गरेको हो । हाल प्रचलित विवाद समाधानका तरिका बारे सामुदायिक-स्तरका जानकारीहरु सङ्कलन गरी विश्लेषण गर्नु, यस अध्ययनको उद्देश्य थियो । विभिन्न जन-जाति, भौगोलिक क्षेत्र, लिङ्ग र आर्थिक समूह समेट्ने गरी विभिन्न कुराहरु सङ्कलन गरेर दुई मुख्य प्रश्नहरु बारे स्पष्ट गर्नु यस अध्ययनको आशय थियो:

- नेपालमा सामुदायिक विवाद समाधान गर्ने बर्तमान स्थिति कस्तो छ ?
- स्थानीय-स्तरमा विवाद समाधान गर्ने तरिकालाई अझ बढी न्यायोचित किसिमले विकास गर्न कार्यक्रमगत पहल गर्न सकिन्छ ? यसो गर्दा संचालन प्रक्रिया सम्वन्धमा कस्ता असरहरु पर्न सक्छन् ?

जम्मा बाह्र वटा स्थलगत अनुसन्धानका लागि छनौट गरिए । ती मध्ये चार वटा पर्वतीय भेकमा, चार वटा मध्य पहाडी भेकमा, चार वटा तराई भेकमा, पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्र प्रत्येकमा तीन-तीन वटा पर्ने गरी छनौट गरिए । अनुसन्धान सहयोगीहरुको छनौट गरी तिनीहरुलाई तालिम दिइयो र त्यसपछि अध्ययन स्थलमा प्रत्येकले ६ हप्तासम्म अध्ययन गरे । अनुसन्धान सहयोगीहरुले सङ्कलन गरेका मामिलाहरु हचुवा किसिमले ठाउँको छनौट नगरी स्थलगत अध्ययनका बेला के कस्ता विवाद चालू थिए । ती विवादहरु कै मामिला सङ्कलन गरिएका हुन् । गाउँहरुमा शक्ति सूत्रका कारणले गर्दा

धेरै मामिलाहरु बारे छलफल हुन सकेन । सङ्कलन गर्न सकिएका विवादका मामिलाहरु वास्तविक विवाद संख्याका साना भाग मात्र हुन सक्छन् । जे भए तापनि छनौट गरिएका विवादका मामिलाहरुबाट धेरै जसो अनुसन्धान सहयोगीहरुले के निष्कर्ष निकाले भने जमीन, पानी, र वन संसाधनसंग सम्वन्धित विवादहरु धेरै र पटक-पटक उठ्ने विवादहरु थिए ।

जम्मा विवादका १०७ वटा मामिलाहरु सङ्कलन गरिए । यी विवाद मध्ये १९ प्रतिशत सङ्कलन अपूरा थिए । सङ्कलित मामिलाहरु मध्ये ३५ प्रतिशत जमीन वा जमीनको अंश-वण्डासंग सम्वन्धित थिए । १० प्रतिशत पानी, सिंचाईसंग र ४ प्रतिशत वन-जङ्गलसंग सम्वन्धित थिए । अरु विवादका मामिलाहरु गाई-बस्तुले बाली नोक्सान गरेका, चोरी, र लेन-देनसंग सम्वन्धित थिए । २९ प्रतिशत मामिलाहरु शक्ति सूत्र सम्वन्धित थिए जसमा यौन दुर्ब्यवहार, भ्कै-भ्कगडा, चरित्र हत्या, अन्ध विश्वास र राजनैतिक विवाद पर्दछन् । तीस प्रतिशत मामिलाहरु महिलासंग सम्वन्धित थिए तिनको नतिजा पनि अरु मामिला भन्दा बेग्लै देखिएन । यस्ता विवादको समाधान गर्दा महिलाहरुको भूमिका सामान्यतया न्यून रहेको देखियो र धेरै जसो स्थितिमा पुरुषहरुकै बढी संलग्नता रहने गरेको पाइयो ।

अध्ययनबाट प्राप्त मुख्य कुराहरु: ठाउँ र सम्पर्क-स्तरमा फरक: पर्वतीय र पहाडी भेकका सुदूर ठाउँहरुमा विवाद समाधान गर्ने तरिका परम्परागत किसिमकै भएको पाइयो । मानिसहरु जति बढी शहरको सम्पर्कमा आउन थाले त्यसै गरी तिनीहरुले परम्परागत विवाद समाधानको तरिकालाई वास्ता नगर्ने गरेको देखियो ।

जातिगत भिन्नता, परम्परागत संस्थाहरु र खिचातानी: तिब्वती-बर्मेली समूहले एक-आपसी सम्वन्धलाई बढी महत्व दिने गर्छन्, तर हिन्दू जातीका उच्च वर्गहरु खिचातानीबाट बढी फाइदा लिन खोज्ने प्रवृत्तिका पाइए । सुदूर ठाउँको बसोवास र त्यहाँको दृष्टिकोणसंग पनि अन्तरसम्वन्ध रहेको पाइयो । सामान्यतया पहाडी भेकका तिब्वती-बर्मेली समुदायमा आफ्नो विवाद गाउँ बाहिर माथिल्लो तहमा पुऱ्याउन चाहन्दैनन् । यसको विपरीत, मध्य र पूर्व तराईमा भने नेपालभरमा प्रति ब्यक्ति मुद्दा-मामिला सवभन्दा बढी हुने गरेको मानिन्छ ।

मेल-जोल र सामाजिक क्रियाकलापको भूमिका: सामाजिक सहयोग नभएका वर्ग अरुबाट बढी शोषित हुन पुग्छन् र यसबाट विवाद उठेमा पनि तिनीहरुको पक्षमा न्याय हुने गर्दैन । यसको विपरीत नाता-गोता र इष्टमित्रसंग राम्रो सम्वन्ध भएका ब्यक्तिहरु विवादका लागि दोषी भए तापनि तिनीहरुकै पक्षमा निर्णय हुने बढी सम्भावना रहन्छ ।

जात, ओहदा, र शिक्षा: नेपालमा जातपात कानून सम्मत नभए पनि सामाजिक व्यवहारमा को ठूलो को सानो भनी छुट्याउन जातपातको अझै अहं भूमिका रहेको छ । त्यस बेला गडबड उत्पन्न हुन जान्छ जव ओहदासंग सम्वन्धित जागिरको ओहदा, उच्च शिक्षा वा शक्ति-सूत्र आदि जस्ता कुराबाट सम्पन्न भएका बीच टकराव शुरु हुन्छ । माथिल्ला जातका हिन्दू वर्ग एक-आपसमा विवाद पर्‍यो भने विवादमा हारको कारणबाट ओहदामा असर पर्ने सम्भावनाले त्यस्तै विवादमा परेका तल्ला जातिका लागि भन्दा बढी महत्व राख्दछ । विभिन्न सूत्र सम्वन्धलाई प्रयोग गरी आफ्नो पक्षमा निर्णय गराउन सकिन्छ भने धारणाले गर्दा अरु जातका भन्दा माथिल्ला जातका वर्ग आफ्ना विवाद समाधानका लागि अदालत र उच्च स्तरमा धाउने गर्छन् ।

शिक्षा र विवाद समाधान बीच रहेको सबभन्दा महत्वपूर्ण सम्वन्ध साक्षरता र लेन-देनको लिखतसंग रहेको पाईन्छ । पटक-पटक मौखिक रुपमा गरिएको सहमति लिखतबाट साविती नहुँदा कमजोर वा निरक्षर वर्गले हारखानु पर्ने हुन्छ । यो स्थिति उच्च स्तरमा विवाद पुर्‍याइयो भने झन् लागू हुन्छ किनभने बढी शिक्षित र साक्षरलाई सघाउने खालका लिखतहरु किन्न समेत पाइन्छन् र यस्ता लिखत प्रमाणहरु जमीनको खरीद बिक्री, अंश-वण्डा र दर्ताका लागि झनै महत्वपूर्ण हुने गर्दछन् ।

शक्ति-सूत्र, प्रभाव र चिन-जान सूत्र: अरुले के गर्न सक्छन् र के गर्न सक्दैनन् भन्ने कुरालाई नियन्त्रण गर्ने शक्तिले अवश्य पनि विवाद समाधानमा अहं भूमिका खेलेको हुन्छ । शक्ति सम्पन्न र शक्तिहीन बीच महत्वपूर्ण कुरामा विवाद उठ्यो भने शक्तिहीनले आफूलाई परेको मर्काको जिकिर गर्न समेत अवसर पाउँदैनन् । सामान्यतया शक्तिशाली पक्षले कुनै पनि मामिंला समाधानका लागि आफ्नो चिनजानको उच्चतम् तहसम्म पुर्‍याएर आफ्नो पक्षमा निर्णय गराउन खोजेको पाइन्छ ।

राजनीतिक गूटवन्दीको बढ्दो भूमिका: राजनीतिक दलहरुसंगको सम्वन्ध र गुटवन्दीले बढ्दो रुपमा विवाद समाधान प्रक्रियामा असर पार्न थालेका छन् । पुराना-पुराना कुराहरुलाई सङ्कलन गरी बढाई-चढाई विवादको रुपमा खडा गरिन्छ किनभने ती कुरासंग सरोकार रहेका ब्यक्तिहरु भिन्दै पार्टीका ब्यक्ति पर्न गएका हुन्छन् । दलगत राजनीतिबाट शक्ति-सूत्र कायम गर्नु नेपालको ग्रामीण जीवनको परिपाटी जस्तै बन्न गएको छ । राजनीतिक गूटवन्दीका लागि परम्परागत गठवन्धनलाई पनि उछिन्ने गरिन्छ । यस्तो स्थिति सुगम र कम दुर्गम क्षेत्रमा र उच्च हिन्दू वर्गका सम्वन्धमा त झनै लागू भएको पाइन्छ ।

वाहय संस्थाहरुको हस्तक्षेप: गाउँको संरचनाम्रा कुनै बाहिरी संस्थाले प्रवेश गऱ्यो भने विवादका मामिलाहरु च्याउ उम्रे झैं बढ्न थाल्छन् । विशेष गरी श्री ५ को सरकारले जब जमीन दर्ता गर्न चालेको प्रयासले यस्तो असर परेको छ । नयाँ प्रहरी चौकी स्थापित भयो भने प्रहरी समक्ष धेरै विवादका मामिलाहरु पेश गरिन्छन्। आफ्ना पहिलेका हक अधिकार हनन् भएको भनी गाउँलेहरुले ठाने भने विकास कार्यक्रमहरुका सम्वन्धमा पनि विवाद उत्पन्न हुन सक्छ । सामुदायिक हितका आयोजनाका लागि व्यवस्था गरिएको श्रोत हिनामिना भएमा पनि प्रायस: विवाद उठ्ने गर्छ ।

मध्यस्थताको भूमिका र यस्को कार्य तरिका: तिब्वती-बर्मेली समुदायको आधिक्य भएको टाढा-टाढाका ठाउँमा आफ्नै संस्कृति र परम्परा बमोजिम विवाद समाधान हुने गरेकोले त्यहाँ मध्यस्थताको धेरै आवश्यकता हुँदैन । मध्यस्थताको बाटो विशेष गरी मध्य पहाड, पश्चिम, मध्य पश्चिम र सुदूर पश्चिम तराईका गाउँघरमा अपनाइन्छ । मध्यस्थता गर्नेहरुलाई न त पारिश्रमिक दिइन्छ न तिनीहरु स्वयम्सेवकको रुपमा मध्यस्थता गर्छन् । त्यस्ता मध्यस्थलाई एक वा दुवै विवादी पक्षले बोलाएका हुन्छन् । यस्ताले मध्यस्थता गरी दिए वापत पाउने कुरा इज्जत वा तिनीहरुको सामाजिक प्रतिष्ठा बढ्न जानु हो । सामान्यतया तिनीहरुको निर्णयलाई मानिन्छ तर त्यस्ता मध्यस्थका लागि आफ्ना गाउँलेहरुलाई नैतिक रुपले सहमत गराउनु बाहेक अरु उपाय छैन । तिनीहरुले विवादलाई माथिल्लो स्तरमा जानबाट रोक्न सक्दैनन् । तर विवादीहरुले माथिल्लो तहमा मामिला पुऱ्याए भने परम्परागत मध्यस्थता प्रणाली प्रभावहीन हुँदै जान्छ ।

भविष्यको स्थिति: अध्ययनले के बताउँछ भने विवाद समाधानका परम्परागत तरिकाहरु निकै कमजोर भई लोप हुँदै जानेछन् र गाउँस्तर भन्दा माथिका निकायहरुमा विवादका मामिलाहरु पुग्ने छन् । यसबाट कमजोर वर्गहरुलाई ठूलो मर्का पर्न जानेछ किनभने तिनीहरुसंग माथिल्लो स्तरमा पुगी आफ्नो मामिला बारे पहल गर्ने ज्ञान र साधन पर्याप्त हुँदैन । अहिलेको स्थितिमा गाउँघरमा तिनीहरुले जे जति धेरथोर न्याय पाउने गर्थे त्यो अवसर तिनीहरुका लागि हराउँदै जाने छ। विवाद समाधान प्रक्रियामा पैसाकै बोलावाला हुन गई सोर्स फोर्स (पहुंच र शक्ति) को भूमिका बढ्दै जाने छ ।

सिफारिसहरु: प्रतिवेदनले विभिन्न सिफारिसहरु पेश गरी निष्कर्ष निकालेको छ । विशेष गरी परम्परागत विवाद समाधान प्रक्रियालाई प्रबर्द्धन गर्न जानकारीहरु तयार गरी प्रचार-प्रसार गर्ने र जन-साधारणलाई प्रहरी, जिल्ला अधिकारीहरु र अदालतहरुसंग के कस्ता मामिलामा सम्पर्क राख्नु पर्छ भन्ने बारे जानकारी गराउनु पर्ने कुरामा जोड दिइएको छ ।

*नेपालमा सामुदायिक वन व्यवस्था: विवादहरु बारे एक दृष्टि*

प्रस्तुतकर्ता: के.बी. श्रेष्ठ, सामुदायिक तथा निजी वन महाशाखा, वन विभाग ।

यो प्रस्तुतीकरण नेपाल, नेपालको वन र सामुदायिक वन व्यवस्थाको पृष्ठभूमिबाट प्रारम्भ गरियो । यसपछि नेपालको वन सम्वन्धी ऐन कानूनको समीक्षा र नेपालमा सामुदायिक वनको बर्तमान स्थिति बारे ब्याख्या गरियो । यस प्रस्तुतीकरणले मुख्य गरी सामुदायिक वन ब्यवस्था सम्वन्धमा उठ्ने विवादका किसिमको विश्लेषण प्रस्तुत गऱ्यो । विवादमा परेका वर्गहरु अनुसार विवादलाई वर्गीकरण गरिएको थियो ।

## वन उपभोक्ता समूह भित्रको विवाद:

विवाद विभिन्न कुराका लागि उठ्न सक्छ:

- उपभोक्ताहरुको पहिचान: तल्लो जातका वा निमुखा ब्यक्तिहरु सदस्यताबाट बंचित हुन सक्छन् । त्यसैगरी वनबाट केही टाढा बस्ने र यदाकदा वन प्रयोग गर्ने समूहको पनि उपभोक्ताका रुपमा पहिचान हुनबाट शुरुमा छुटेका हुन सक्छन् ।
- फाइदाको बाँडफाँड: स्वेच्छाबाट वनको संरक्षण गर्न पुऱ्याइने श्रम घर-धुरीमा आधारित हुने हुँदा वनको फाइदा उपयोग गर्दा आवश्यकताका आधारमा अर्थात् ठूलो परिवारले धेरै र सानो परिवारले कम फाइदा लिनु पर्ने ब्यवस्था गर्ने वा घर-धुरीका आधारमा परिवार संख्या जतिसुकै भए पनि एकनास रुपमा फाइदा बाँडफाँड गर्ने कुरा प्रश्नको रुपमा रहेको छ ।
- सहभागी: सदस्यहरुको सक्रीय सहभागितामा तल-माथि वा कम-बेसी हुनु पनि विवाद खडा हुने कारण बन्न सक्छ । बढी सक्रीय सदस्यहरुले आफू सरहकै फाइदा कम सक्रीय सदस्यले पाउन नहुने कुरा गर्न सक्छन् । यसैगरी कम सक्रीय सदस्यहरुले सामाजिक ब्यवहारमा ब्यस्तताको कारण सक्रीय हुन नसक्दैमा अरु सरह आफूले पाउनु पर्ने लाभबाट बंचित गराइनु न्यायोचित नहुने बिचार गर्न सक्छन् ।
- नेतृत्व: उपभोक्ता समूहका समितिको नेतृत्व गर्न पाएमा समाजमा आफ्नो स्तर माथि पुगेको ठहर्छ । दुई वा बढी ब्यक्तिले अध्यक्ष बन्न प्रतिस्पर्धा गरे र सहमतिमा पुग्न सकेनन् भने पनि विवाद खडा हुन सक्छ ।

## उपभोक्ता समूह बीचको विवाद:

यस्ता विवादहरु विभिन्न स्थितिले उत्पन्न हुन सक्छन्:

- वन क्षेत्र रहेको ठाउँ: मौजुदा सिमानामा फेर-बदल हुन गएमा वनको एक फाँट अर्को गा.वि.स.मा पर्न जान सक्छ, अथवा दुई गा.वि.स.को बीचमा पर्न सक्छ । यसले गर्दा प्रशासनिक सीमाको वास्ता नगरी परम्परागत रुपमा वन उपभोग गरी आएका उपभोक्ताहरुले वनमा आफ्नो हक अधिकार भएको जिकिर गर्छन् र विवाद उठ्छ ।
- वन प्रयोग गर्ने तरिका: एक गाउँका बासिन्दाले एक भन्दा बढी वन क्षेत्रको उत्पादन प्रयोग गर्ने गरेका हुन सक्छन् र यो कुरामा उपभोक्ता समूहको गठन हुँदा बिचार पुग्न नसकेको स्थिति हुन सक्छ ।

उपभोक्ता समूह र वन विभाग बीच विवाद: उपभोक्ता समूह र वन सम्वन्धी निकाय बीच हाल रही आएका विवादहरुमा यस प्रकारका विवाद पनि छन्:

- कार्य योजनाबाट बीचलन: जिल्ला वन कार्यालयका कर्मचारीहरुको लापरवाही वा उपभोक्ता समूहको समुदायका लागि वनबाट थप आम्दानी गर्ने बिचारले जथाभावी काम गरेबाट कार्य योजनामा बीचलन आउन सक्छ ।
- सामुदायिक वनको उद्देश्यहरुबाट बीचलन: सामान्यतया सामुदायिक वनको ब्यवस्था समुदायहरुको पैसा कमाउने श्रोतको रुपमा नगरी दिगो रुपमा समुदायकै वन-पैदावारका आवश्यकता परिपूर्ति गर्नका लागि गरिन्छ ।
- अस्पष्ट नीति: सामुदायिक वन कटानी योग्य हुन गएमा त्यसबाट उपलव्ध हुने काठ अन्य जिल्लामा बेच्न पाइने हो वा स्थानीय रुपमा काठमा आधारित उद्योग खोल्ने हो भन्ने प्रश्न उठ्न जान्छ । यस कुरा बारे मौजुदा नियम कानून मौन रहेका छन् ।

नयाँ नीति: वन ऐन २०५० र वन नियमावली २०५१ लागू गर्ने क्रममा श्री ५ को सरकारद्वारा वन उपभोक्ता समूहहरुलाई कानूनी रुपका स्वायत्त संस्थाको रुपमा स्थापित गर्न प्रतिवद्धता ब्यक्त गरिएको छ । नयाँ नियम अन्तर्गत सामुदायिक वनको विकासमा असर नपर्ने गरी काठ बाहेक अरु वन उत्पादन र केही नगदे बाली समेत लगाउन पाउने ब्यवस्था रहेको छ ।

सरकारले उपभोक्ता समूहले वन विकास कार्यका लागि वित्तिय संस्थाहरुबाट ऋण लिन चाहेमा जिल्ला वन कार्यालयको सिफारिसमा सामुदायिक वनको वन-पैदावार धितो राख्न पाउने ब्यवस्था गरी दिएको छ । नयाँ नियमले सामुदायिक वनबाट प्राप्त वन-पैदावारलाई खुल्ला रुपमा बिक्री गर्न सकिने ब्यवस्था पनि गरेको छ । वन-पैदावार उद्योगका लागि पर्याप्त हुने भएमा वन उपभोक्ता समूहले उद्योग खोल्न र संचालन गर्न पाउने ब्यवस्था पनि नियममा गरिएको छ ।

पहिले उल्लेख गरिएका कतिपय विवादहरु प्रचलित नीति नियमको जानकारीको अभाव हुन गएबाट उठेका हुन् । वन विभागले वन सम्वन्धी ऐन कानून र नियम बारे जानकारी गराउन जिल्ला वन कार्यालयका वन कर्मचारीहरुका लागि तालिम दिने कार्यक्रम राखेको छ । यसबाट यस्ता विवादहरुलाई कम गर्न मद्दत पुग्नेछ ।

*गोष्ठीको मूल सत्रमा छलफल*

उपरोक्त विषयका कार्यपत्र प्रस्तुत भएपछि गोष्ठीको मूल सत्रमा खुला छलफल गरियो र देहायका मामिलाहरु उठाइए:

वन नीतिमा स्पष्टताको अभाव: नीति नियम प्रष्ट भएमा स्थानीय जनतालाई काम गर्न सजिलो हुने कुराको बोध भए तापनि नीति नियम प्रष्ट छैनन् र वन ऐन पनि सजिलैसंग उपलब्ध हुँदैन । यस्को एउटा कारण के हो भने वन ऐन श्री ५ को सरकारको प्रकाशन विभागबाट छापिएको हो र यस्को ब्यापक रुपमा वितरण हुन सकेन । वन विभागले समेत १०० प्रति मात्र पाउन सक्यो । हालै आएर मात्र वन तथा भू-संरक्षण मन्त्रालयले ८,००० प्रति वन ऐन र सम्वन्धित नियम नियमावली छापेर वितरण गऱ्यो ।

हतारमा उपभोक्ता समूहको गठन हुनु. जिल्ला वन कार्यालयले एक निर्धारित लक्ष्य पूरा गर्नु पर्ने भएबाट र रेन्जरहरुको कमी हुनाले हतार-हतारमा उपभोक्ता समूहहरुको गठन गरिन्छ । एक जिल्लामा पाँच जना रेन्जर हुनु पर्ने भए तापनि हाल अक्सर गरी एक रेन्जर र एक रेन्जर चौकी मात्र रहेको पाइन्छ । एक जना सहभागीको भनाई अनुसार केही ठाउँहरुमा त उपभोक्ता समूहहरु थोरै दिन मै गठन गरिएका छन् । समूहले कार्य योजनामा सही मात्र गरी दिएका छन् । विभागीय लक्ष्य हासिल गर्नका लागि जति सक्यो चाँडो धेरै समुदायहरुलाई वन हस्तान्तरण गर्ने गरिन्छ । यसरी हतारमा काम गर्नाले पछि गएर विवाद उठ्न जान्छन् । वन हस्तान्तरण गर्दा बिचार पुऱ्याएर काम गरेमा विवादहरु कम हुने र रोकिन जाने हुन्छन् ।

अन्य सहभागीहरुले लक्ष्य पूरा गर्ने प्रयत्नका सम्वन्धमा श्री ५ को सरकारलाई कुनै दोष दिन नहुने सुझाव प्रस्तुत गरे । लक्ष्य निर्धारण गरी काम गर्नु राम्रो कुरा हो र अहिले कै गतिमा काम हुँदै गएमा लक्ष्य अनुसार काम हुन अरु ५० बर्ष पनि लाग्न सक्छ । बार्षिक लक्ष्य तोकेर काम गर्नु भन्दा मासिक लक्ष्य निर्धारण गरी काम गरेमा बेस हुन सक्छ होला । जनशक्तिको कमी भयो भन्ने कुरा ठीक होइन। कुनै एक उपभोक्ता समूहले पनि त्यस्तै अर्को समूह बनाउनमा सघाउन सक्छ । कुनै एक जिल्लामा ८०० देखि ९०० सम्म उपभोक्ता समूह गठन गर्नु छ भने

गठन भएका उपभोक्ता समूहलाई परिचालन गरी अनुभवको आदान-प्रदानबाट अरु समूह गठन गर्दै जान सकिन्छ । रेन्जरले प्राविधिक रेख-देख पुऱ्याउने तर्फ बढी ध्यान दिनु पर्छ र समूहहरुले बिस्तार सेवा पुऱ्याउने कार्यकर्ताका रुपमा कार्य गर्न सक्छन् ।

विवाद र तिनका समाधान बारे उठेका बिचारहरु: प्रस्तुत एक दृष्टिकोण अनुसार सामुदायिक वन आफै नै विवाद निकाल्ने मुख्य कारण भएको छ । विवाद खडा हुन्छ भन्दैमा श्री ५ को सरकारले लक्ष्य अनुसार काम गर्ने गति घटाउनु हुँदैन। वास्तवमा वन विभागका कार्य योजनामा विवादको समाधान गर्ने काम उल्लेख भएको हुँदैन । उपभोक्ता समूहको गठन र विवाद समाधान प्रक्रिया साथ-साथै अघि बढ्नु पर्छ ।

अर्को सुझाव के थियो भने वन विभागले विवाद समाधान प्रति वेवास्ता गर्नु र गैर-सरकारी संस्थाहरु वा द्विपक्षीय संस्थाहरुले विवाद समाधान गर्न खोज्नु भन्दा विवादहरु कसरी कम गर्दै लाने भन्ने कुरामा ध्यान केन्द्रित हुनु पर्छ । आ-आफ्ना अनुभव आदान-प्रदान गर्ने गरी श्री ५ को सरकार, गैर-सरकारी र द्विपक्षीय संस्थाहरु र स्थानीय जनताका बीच नियमित बैठक र बिचार विमर्श गर्ने परिपाटी बसाल्नु पर्छ । समस्या समाधान गर्न निदानात्मक तरिका भन्दा प्रतिरोध गर्ने तरिका अपनाउनका लागि बढी जोड दिनु पर्छ ।

के वन कर्मचारीहरु थोरै छन्?: वन अधिकृतहरु थोरै भए भन्ने कुरामा एक जना सहभागीका अनुसार वन अधिकृतहरुले वन हस्तान्तरण गर्न आलटाल र ढिलाई गर्नु अधिकार र शक्ति आफ्नो हातबाट गुम्छ कि भन्ने धारणा राख्नाले हो । राप्ती क्षेत्रमा दश प्रतिशत सामुदायिक वन हस्तान्तरण गरिएको छ । राष्ट्रिय स्तरमा तीन प्रतिशत वन मात्र हस्तान्तरण हुन सकेको छ । जिल्ला वन कार्यालयबाट राम्रो काम गरिएकोले सल्यान जिल्लामा ४० प्रतिशत सामुदायिक वन हस्तान्तरण भइसकेको छ । यसबाट के पुष्टि हुन्छ भने वन हस्तान्तरण गर्ने काम कर्मचारीको कमीले गर्दा नभई आफ्नो शक्ति र अख्तियारी गुमाउन नचाहने मानवीय स्वभावले गर्दा ढिलाई हुने गरेको हो । वन अधिकृतहरुको अवधारणा र मनस्थितिमा परिवर्तन आउनु पर्छ । वन हस्तान्तरण गर्न आलटाल गर्ने वन अधिकृतहरु नगण्य नै छन् भन्दै वन विभागका एक सदस्यले उक्त कुरा प्रति असहमति प्रकट गरे । वन हस्तान्तरणबाट अधिकृतहरुको झण्डै ९० प्रतिशत जिम्मेवारीको बोझ घट्न जाने हूँदा तिनीहरु वन हस्तान्तरण होस् भन्ने चाहन्छन् । अर्का एक सहभागीले वन हस्तान्तरण गरी दिनु मात्र मुख्य कुरा होइन, कसलाई हस्तान्तरण हुन लागेको हो त्यो पनि महत्वपूर्ण पक्ष हो भन्ने बिचार ब्यक्त गरे । वन उपभोक्ता समूहको गठन गर्दा सबै सदस्यहरुले कार्य योजना र त्यसबाट पर्ने असरहरु बारे राम्ररी

अवगत भएको हुनु जरुरी छ । यसो नगरिएमा थोरै जनाले मात्र वनको नियन्त्रण र प्रयोग गर्न पाउने स्थिति आएपछि केही उपभोक्ता समूहका सदस्यहरुलाई आफ्नो सामुदायिक वनको नाम, आफ्नो पद र आफ्ना कार्य योजना बारे समेत जानकारी नहुने गरेको पाइएको छ । सामुदायिक वन कार्यक्रम धेरै लक्ष्यमुखी हुन गयो भने यस्तो स्थितिको सिर्जना हुन्छ । संख्यात्मक रुपमा लक्ष्य हासिल हुन गए तापनि गुणात्मक रुपमा समस्याहरु आई पर्छन् ।

सामुदायिक वन कार्यक्रमको दिगोपन: सामुदायिक वन कार्यक्रम दिगो रहन सक्ला र भन्ने विषयमा प्रश्नहरु उठाइए । यो कार्यक्रम कहिलेसम्म टिक्न सक्ला र दातृ संस्थाहरुको सहयोग र मौजुदगी रहेन भने यो असफल हुन जान्छ कि भन्ने पनि कुरा उठाइए ।

सो सामुदायिक वन कार्यक्रम लागू भएको पन्ध्र बर्षमा यसले एउटा गति लिइसकेको छ र उपभोक्ता समूहहरुले वन हस्तान्तरण गरी लिनका लागि माग गर्न सक्छन् । उपभोक्ता समूहले वनबाट आम्दानी गर्न सक्छन् र यसरी भएको आम्दानी आफ्नो निर्णय बमोजिम उपयोग गर्न सक्छन् । यस सन्दर्भमा सामुदायिक वनसंग सम्वद्ध विभिन्न आयोजनाहरुले प्राविधिक रुपमा मात्र सघाउ पुऱ्याई आएका छन् ।

सरकारले यस कार्यक्रमलाई दिगो राख्न विशेष जोड दिई आएको छ र यसका लागि विभिन्न संस्थाहरुको सहयोगको पनि स्वागत गरिन्छ तापनि यो कार्यक्रम अब ती सहयोगहरु नरहे पनि चल्न सक्दछन् । यस कार्यक्रमलाई स्तरीय र लाभदायक बनाउन उपभोक्ता समूहहरु गठन गर्दा पर्याप्त समय दिनु पर्दछ । समझदारीको कमीबाट उत्पन्न हुन सक्ने विवादहरु यस प्रक्रियाबाट हटाउन सकिने हुन्छ ।

महिलाहरुको सहभागिता: कार्यक्रम अनुसार ५० प्रतिशत सहभागिता महिलाहरुको हुनु पर्ने कुरामा जोड दिइएको भए तापनि उपभोक्ता सूचीमा महिलाहरुको नाम राख्नै पर्ने भएबाट मात्र समावेश गरिएको पाइन्छ । बैठक र छलफलका बेला महिलाहरु नआउने र तिनीहरुको सट्टा तिनका श्रीमान्हरु आउने प्रवृत्ति रहेको छ। यस्तो स्थिति उपभोक्ता समूहहरुको गठन गर्दा सदस्यहरुले के के गर्नु पर्छ सो कुरा स्पष्ट हुन नसक्नाले हो ।

विशेष गरी महिलाहरुलाई तिनीहरुको हक, हित, जिम्मेवारी र नियमहरु बारे सजग गराउन आवश्यक छ । निर्णय गर्दा महिलाहरुको राय सुझाब पनि लिने गर्नु पर्छ। एक जना सहभागीले महिलाहरुमा बढी धैर्य रहने गरेको कुरा सुनसरीको एक सिंचाई आयोजनामा उठेको विवादको उदाहरण प्रस्तुत गरेर बताए । उपभोक्ता

समूहका पुरुष सदस्यहरुले समाधान गर्न नसकेको विवादलाई महिला समूहले निकै शान्त पार्न मद्दत पुऱ्याए ।

कार्य सम्वद्धता (नेटवर्किङ्ग): गोष्ठीमा समस्या बढ्दै गर्छन् भन्ने धारणा रह्यो । हरेक दिनका समस्या बेग्ला-बेग्लै हुन्छन् तर मुख्य कुरा आई पर्ने समस्याहरु कसरी सुल्झाउने भन्ने हो । उदाहरणका लागि कार्य योजना भित्रै रही कसरी विवाद सुल्झाउने भन्ने तरिका बारे बिचार पुऱ्याउनु हो । भारतमा आफूलाई परेका समस्याहरु सुल्झाउन उपभोक्ता समूहहरु बीच एक कार्य सम्वद्धता कायम गरिएको छ, र विवाद समाधान गर्न आ-आफै जम्मा भई बिचार विमर्श पनि गर्ने गरिन्छ।

## गोष्ठीको अन्तिम सत्र

यो सत्र गोष्ठीको अन्तिम सत्र थियो । यस सत्रमा गोष्ठी बारे प्रतिक्रिया, नारायण काजी श्रेष्ठबाट नेपाल मध्यस्थता समूहका भावी कार्यक्रम र चाहनाहरुको प्रस्तुति र अनुपम भाटियाबाट समापन मन्तव्य प्रस्तुत गरिए ।

*सहभागीहरुबाट प्रतिक्रिया*

सहभागीहरुले प्राकृतिक साधनहरु सम्वन्धमा विवादहरु बढ्दै गएका कारणले गर्दा विवाद समाधान गर्ने प्रयासहरु जारी रहनु आवश्यक भएको र यसका लागि नेपाल मध्यस्थता समूहले उल्लेखनीय भूमिका खेल्न सक्छ भन्ने मनसाय ब्यक्त गरे । नेपाल मध्यस्थता समूहबाट आयोजना गरिने कार्यक्रमहरु भविष्यमा देशका विभिन्न भागहरुमा बिस्तार गर्नु पर्ने र केन्द्रमा मात्र सीमित राख्न नहुने बिचार ब्यक्त गरे। केही सहभागीहरुले विवादमा संलग्न ब्यक्तिहरुको उपस्थिति रहँदा पनि के कस्ता कारणले विवाद उठ्न गयो भन्ने कुरा बुझ्न नसकेको बताए । नेपाल मध्यस्थता समूहको उद्देश्य र मूल लक्ष्यका सम्वन्धमा यस समूहले लिएको मूल लक्ष्य भित्र अन्य प्राकृतिक साधनहरुलाई पनि समेट्नु पर्ने राय ब्यक्त गरियो ।

*नेपाल मध्यस्थता समूहको भावी योजनाहरु*

नेपाल मध्यस्थता समूहका सदस्यहरुका तर्फबाट नारायण काजी श्रेष्ठले बोल्नु भयो। उहाँले गोष्ठी र गोष्ठीमा भएका छलफलहरुबाट विवादहरु र तिनका समाधान गर्ने सम्वन्धमा सहभागीहरुको समभ्दारी बढ्न गएको महसुस गरिएको कुरा ब्यक्त गर्नु भयो । अझैसम्म नेपाल मधयस्थता समूह एउटा अन्तर संस्थागत मञ्चको रुपमा रहेको छ तापनि यस गोष्ठी पश्चात् यसको स्वरुपमा परिवर्तन आउने र त्यसका लागि समूहले प्रारम्भ गरेका कुराकानी र अनुभवको प्रक्रियामा सहभागी बन्न ब्यक्तिहरु एवं संस्थाहरु अग्रसर हुनका लागि पनि उहाँले आव्हान गर्नु भयो । विशेष

गरी उहाँले मूल सत्रमा नेपाल मध्यस्थता समूहका भावी योजनाहरु बारे पनि बिचार आदान-प्रदान गर्नु भयो ।

यस गोष्ठीको उपादेयतालाई समीक्षा र मूल्याङ्कन गर्नुका साथै नेपाल मध्यस्थता समूहले देहायका क्रियाकलाप संचालन गर्दै जाने छ भन्ने आशा पनि व्यक्त गरियो:

- समूहको मूल लक्ष्यलाई वन सम्वद्ध पक्षका अतिरिक्त अरु प्राकृतिक साधन प्रति पनि उन्मुख गर्ने ।
- नेपाल मध्यस्थता समूहको सदस्यतालाई आफ्नो व्यापक अधिदेश बमोजिम बिस्तार गर्ने ।
- यस गोष्ठीको प्रतिवेदनलाई व्यापक रुपमा वितरण गर्नका लागि दुई भाषामा प्रकाशित गर्ने ।
- प्राकृतिक साधन सम्वन्धी विवादहरु बारे आधारभूत तथ्याङ्क प्रणाली व्यवस्थित गर्ने काम शुरु गर्ने र तिनलाई विश्लेषण गरी समाधानका उपायहरुको खोजी गर्ने ।
- विवादहरु र तिनका समाधानलाई मध्य नजर राखी मौजुदा वन नीति र ऐन नियमहरुलाई विश्लेषण गर्ने ।
- वन साधनमा उठेका विवाद समाधान बारे अक्टोवर १९९५ तिर एउटा गोष्ठीको आयोजना गर्ने ।

*समापन मन्तब्य*

समापनका अवसरमा आफ्नो मन्तब्य व्यक्त गर्दै अनुपम भाटियाले भन्नु भयो नेपाल मध्यस्थता समूहले सानै भए तापनि प्रभावकारी रुपमा विवादहरुका प्रकृतिलाई बुझ्ने प्रयास शुरु गरी तिनको समाधान गर्ने क्षमता निर्माण गर्न सक्षम भएको छ । यस गोष्ठी प्रति देखा परेको अभिरुचि उत्साहवर्द्धक रहेको र नेपाल मध्यस्थता समूहका सदस्यहरु बीच भविष्यमा पनि हामीले विवादका मामिलाहरुको खोज गरी तिनको समाधान गर्दै जानु परेको कुरा पनि उहाँले व्यक्त गर्नु भयो ।

उहाँले नेपाल मध्यस्थता समूहको कार्यमा र यस गोष्ठीको तयारी र संचालनमा धेरै महानुभावहरु र संस्थाहरुको योगदान रहेको र उहाँहरुको योगदानलाई औपचारिक रुपमा सराहना गर्नु पर्ने कुरा व्यक्त गर्नु भयो ।

सबभन्दा पहिले उहाँले मूल मन्तब्यको रुपमा गोष्ठीलाई सम्बोधन गरी दिनु भएकोमा श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगका सदस्य कैलाश नाथ प्याकुरेल प्रति धन्यवाद व्यक्त गर्नु भयो । त्यसपछि उहाँले आफ्नो अमूल्य समय दिएर दिनभरी गोष्ठीमा सहभागी रहनु हुने सबै प्रति धन्यवाद व्यक्त गर्नु भयो ।

विशेष रुपमा उहाँले गोरखा र काभ्रेबाट आउनु भएका वन उपभोक्ता समूहहरुका सदस्यहरुलाई गोष्ठीमा सहभागिताका लागि धन्यवाद दिनु भयो । उहाँले गोष्ठीको प्रक्रिया लाभदायक भएको र नेपाल मध्यस्थता समूहमा नयाँ सदस्यहरुको प्रवेशलाई स्वागत गर्न पाउने आशा ब्यक्त गर्नु भयो । अनुपम भाटियाले शारदा खरेल तथा नेत्र तुम्बाहाङ्गफेलाई गोष्ठीमा संलग्न गराई दिएकोमा र आफ्ना आयोजना क्षेत्रका मामिला अध्ययन तयार गराई दिएकोमा नेपाल-अष्ट्रेलिया सामुदायिक वन आयोजनाका बिल ज्याक्सन एवं नेपाल-बेलायत सामुदायिक वन आयोजनाका निक रोशे प्रति पनि आभार ब्यक्त गर्नु भयो ।

उहाँले फोर्ड फाउण्डेशन, नयाँ दिल्लीका जेफ क्याम्पबेलबाट सहभागितामूलक प्राकृतिक साधन ब्यवस्थापन कार्यक्रमलाई उपलब्ध हुने गरेको निरन्तर सहयोगका लागि र गोष्ठीमा उहाँको सहभागिताका लागि पनि धन्यवाद दिनु भयो । साथै उहाँले गोष्ठी तयारीमा संलग्नताका लागि र गोष्ठीका कारवाई बारे प्रतिवेदन तयार गरी दिनु हुने भएकोले त्यसका लागि समेत जुडिथ एम्टिज र राजिव सिंह प्रति पनि धन्यवाद ब्यक्त गर्नु भयो ।

अन्त्यमा उहाँले नेपाल मध्यस्थता समूहलाई समय दिई गोष्ठी प्रति प्रतिवद्ध भएकोमा र मामिला अध्ययनहरु तयार गरी तिनको विवेचना गरी दिएकोमा तथा खुला सामुहिक प्रक्रियाबाट अनुभवको आदान-प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्नु भयो ।

नेपाल मध्यस्थता समूह मार्फत गोष्ठीमा सहभागी रहनु भएका महानुभावहरुको नाम उल्लेख गर्नु सान्दर्भिक हुने हूँदा उहाँहरुको नाम देहाय बमोजिम प्रस्तुत गरिन्छ:

- लिसा बैले
- पल कप्लान
- शारदा खरेल
- रमेश खड्का
- सपना प्रधान मल्ल
- उज्ज्वल प्रधान
- शिवेश चन्द्र रेग्मी
- जेनेट सीले
- के.बी. श्रेष्ठ
- नारायण काजी श्रेष्ठ
- नेत्र तुम्बाहाङ्गफे

श्री भाटियाले यस्तो प्रक्रिया आउने दिनहरुमा पनि कायम गर्दै जाने कुरा ब्यक्त गर्नु भयो । उहाँले गोष्ठी पश्चात् नेपाल मध्यस्थता समूहले गोष्ठी प्रति छवि बनाउने प्रक्रिया शुरु गर्ने कुरा पनि भन्नु भयो । गोष्ठी बारे तयार गरिने प्रति छवि वा समीक्षाले आज उठेका संस्थागत मामिलाहरु प्रति ध्यान केन्द्रित गर्नेछ भन्ने पनि उहाँले आशा ब्यक्त गर्नु भयो । साथै उहाँले हामी सबै मिलेर केही विवादहरु कम गर्ने र शायद् नेपाल र यस भेकमा प्राकृतिक साधन सम्वन्धी विवादहरुलाई उठ्न नदिने तर्फ पनि हामी योगदान पुर्‍याउन सकौं भन्ने आशा पनि प्रकट गर्नु भयो।

# अनुसूचि १
## सहभागीहरुको सूचि

विष्णु राज उप्रेती
मेची पहाडी क्षेत्र विकास कार्यक्रम
इलाम, नेपाल
फोन ०२६ २००४०
फ्याक्स ०२७ २०२४५

राजेन्द्र प्रधान
इन्टरनेशनल इरिगेशन म्यानेजमेन्ट इन्स्टिच्यूट, लाजिम्पाट, काठमाडौं
फोन ४१४३७६

सम्झना "प्रेमी"
महिला सहयोग समूह
ओखलढुङ्गा

मिना पौडेल, कल्पना घिमिरे, लक्ष्मी लामा, कान्छी म्लोन,
वाच (WATCH), पुरानो वानेश्वर
काठमाडौं
फोन ४७५६५३, ४७३२२४

गीता तिमिल्सिना,
देवी अधिकारी
रुरल वोमेन्स क्रिएटिभ फ्यामिली
(ग्रामीण महिला रचनात्मक परिवार)
लामोसांगु, सिन्धुपाल्चोक
नेपाल

माया देवी खनाल
महिला एकीकृत विकास केन्द्र
चितवन, नेपाल

प्रकाशमणी शर्मा
पब्लिक इन्टरेष्ट लिटिगेशन फोरम
काठमाडौं
फोन २२००३३

जगदीश चन्द्र पोखरेल
वैकल्पिक विवाद समाधान केन्द्र
पो.व.नं ८४१८, काठमाडौं
फोन ५२४०४१

खगेन्द्र सिग्देल
एस.डि.पी./एन, एकान्तकुना
जावलाखेल, ललितपुर

नारायण काजी श्रेष्ठ
एफ.टी.पी.पी./ नेपाल
काठमाडौं

विनोद देवकोटा
कानून मन्त्रालय
काठमाडौं

केशव मान शाक्य
रुरल डेभलप्मेन्ट थ्रु सेल्फ हेल्प प्रमोशन, लमजुङ्ग । जी.टी.जेड.
फोन ५२३११०

पि.बी. क्षेत्री
केयर (CARE)
काठमाडौं
फोन ५२२१४३

जेफल क्याम्पबेल
फोर्ड फाउण्डेशन
५५ लोदी इस्टेट
नयाँ दिल्ली ११००३, भारत

हरि कृष्ण उप्रेती
सी.इ.ए.पि.आर.इ.डी
पो.ब. ५७५२, काठमाडौं
फोन ५२७०४०
फ्याक्स २२०१४३

पूर्ण शोभा चित्रकार
डब्लू.ओ.डि.एस.
फोन २७१७९४
फ्याक्स २७०३९६, ४७३२२४

मनोहरलाल श्रेष्ठ
तालिम शाखा
वन विभाग, बबरमहल
काठमाडौं
फोन ४१४९८१

इन्दिरा कोइराला
आइ.आइ.डि.एस, बानेश्वर
काठमाडौं
फोन ४७४७१८

नेत्र तुम्बाहाङ्फे,
द्रोण राज के.सी,
नगेन्द्र प्रसाद यादव,
धनेन्द्र काफले
नेपाल-बेलायत सामुदायिक
वन आयोजना, बालुवाटार
काठमाण्डौं
फोन ४११०२२

हुस्न बानु शेख
कोअर्डिनेटर, एन.इ.पि.ए.एन
मार्फत् एक्सन एड, लाजिम्पाट
काठमाडौं
फोन ४१६५४७, ४१०१३७

गोपाल शिवाकोटी
आइ.एन.एच.यू.आर.ई.डी
इन्टरनेशनल, पुतलीसडक
काठमाडौं
फोन ४१९६१०

आइ.एस.कार्की
महानिर्देशक
वन विभाग, बबरमहल, काठमाडौं

बाल गोपाल बैद्य
न्यू एरा, लाजिम्पाट, काठमाडौं
फोन ४१०६०३, ४१०८०३

कैलाश नाथ प्याकुरेल
सदस्य, राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं

सपना प्रधान मल्ल
अधिवक्ता, सर्वोच्च अदालत
क १।१०५ थापाथली
काठमाडौं, नेपाल
फोन २२४६८३

उकेश राज भुजू
सिनियर प्रोग्राम अफिसर
डब्लु.डब्लु.एफ., नेपाल प्रोग्राम
पो.ब.नं ७६६०, काठमाडौं
फोन ४१०१३७

अमृत लाल जोशी
मुख्य योजना अधिकृत
जन तथा भू-संरक्षण
मन्त्रालयबबरमहल, काठमाडौं
फोन २२०८२८, २२०८५७

पल कप्लान
एशिया फाउण्डेशन
बालुवाटार, काठमाडौं
फोन ४१९११५, ४१०९२९

# अनुसूचि २

## नेपाल मध्यस्थता समूह सदस्यहरु

नारायण काजी श्रेष्ठ
वाच, नयाँ बानेश्वर
काठमाण्डौं

के.वी. श्रेष्ठ
उप महानिर्देशक
वन विभाग, बबरमहल
काठमाडौं

मनोहरलाल श्रेष्ठ
तालिम शाखा
वन विभाग, बबरमहल
काठमाण्डौं

नेत्र तुम्बाहाङ्फे
नेपाल-बेलायत सामुदायिक वन
आयोजना, लाजिम्पाट
पो.ब.नं. १०६
काठमाण्डौं

पल कप्लान
थ्री सिस्टर्स रेष्टुरेन्ट
नारायणी होटल अगाडि
पुल्चोक, ललितपुर

सपना प्रधान मल्ल
अधिवक्ता, सर्वोच्च अदालत
क-१-१०५ थापाथली
पो.ब.नं.२१२३
काठमाडौं

शारदा खरेल
नेपाल-अष्ट्रेलिया सामुदायिक वन
आयोजना, सानेपा
पो.ब.नं. २०८, काठमाण्डौं

शिवेश चन्द्र रेग्मी
न्यू एरा, लाजिम्पाट
काठमाण्डौं

जेनेट सीली
सामुदायिक वन अनुसन्धान विशेषज्ञ
वन अनुसन्धान महाशाखा
वन अनुसन्धान र सर्भे केन्द्र
(FOREST)
पो.ब.नं. ३३३१, बबरमहल
काठमाण्डौं

जुडिथ आम्टिज
गैरीधांरा
काठमाण्डौं

रमेश खड्का
एक्सन एड, लाजिम्पाट
काठमाण्डौं

राजेन्द्र प्रधान
इन्टरनेशनल इरिगेशन म्यानेजमेन्ट
इन्ष्टिच्यूट
लाजिम्पाट
काठमाडौं

खगेन्द्र सिग्देल
दोलखा-रामेछाप सामुदायिक वन आयोजना
एस.डी.सी., एकान्तकुना, जावलाखेल
ललितपुर

जगदीश चन्द्र पोखरेल
वैकल्पिक विवाद समाधान केन्द्र
पो.व.नं. ८४१८, काठमाण्डौं
कुपण्डोल, ललितपुर

## ICIMOD


ICIMOD is the first international centre in the field of mountain development. Founded out of widespread recognition of environmental degradation of mountain habitats and the increasing poverty of mountain communities, ICIMOD is concerned with the search for more effective development responses to promote the sustained well being of mountain people.

The Centre was established in 1983 and commenced professional activities in 1984. Though international in its concerns, ICIMOD focusses on the specific, complex, and practical problems of the Hindu Kush-Himalayan Region which covers all or part of eight Sovereign States.

ICIMOD serves as a multidisciplinary documentation centre on integrated mountain development; a focal point for the mobilisation, conduct, and coordination of applied and problem-solving research activities; a focal point for training on integrated mountain development, with special emphasis on the assessment of training needs and the development of relevant training materials based directly on field case studies; and a consultative centre providing expert services on mountain development and resource management.

## MOUNTAIN ENTERPRISES AND INFRASTRUCTURE DIVISION

Mountain Enterprises and Infrastructure constitutes one of the thematic research and development programmes at ICIMOD. The main goals of the programme include i) gainful enterprise development and income generation; ii) harnessing mountain specific advantages; iii) infrastructural development (social and physical); iv) sustainable energy resources for mountain development; and v) capacity building in integrated mountain development planning.



## Participating Countries of the Hindu Kush-Himalayan Region

- Afghanistan
- Bhutan
- India
- Nepal
- Bangladesh
- China
- Myanmar
- Pakistan


**INTERNATIONAL CENTRE FOR INTEGRATED MOUNTAIN DEVELOPMENT (ICIMOD)**

4/80 Jawalakhel, G.P.O. Box 3226, Kathmandu, Nepal

Telephone: (977-1) 525313
Facsimile: (977-1) 524509
(977-1) 524317

Telex: 2439 ICIMOD NP
Cable: ICIMOD NEPAL
e-mail: pubs@icimod.org.np